आन्तरिक विस्थापन सम्बन्धी निर्देशक सिद्धान्तहरू

तथा

युद्ध सम्बन्धी कानुनका अत्यावश्यक पक्षहरू

आन्तरिक विस्थापन सम्बन्धी निर्देशक सिद्धान्तहरू

तथा

युद्ध सम्बन्धी कानुनका अत्यावश्यक पक्षहरू

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्यूचाटार
पोष्ट बक्स नं. २७२६,
फोन : २७८७७०, **फ्याक्स :** २७०५५१

आन्तरिक विस्थापन सम्बन्धी निर्देशक सिद्धान्तहरू
तथा, युद्ध सम्बन्धी कानुनका अत्यावश्यक पक्षहरू

प्रकाशन मिति : २०५९ फागुन

संख्या : १००० प्रति

प्रकाशक : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार : इन्सेकमा सुक्षित

मूल्य : ३०/-

मुद्रक :

नवयुग सहकारी छापाखाना
मदननगर बल्खु
फोन २७५६९७

भूमिका

प्राणीहरु मध्ये मानिस बुद्धिमान र विवेकशील प्राणी हो । त्यसैले मानवीय समाज दिनप्रतिदिन विकसित हुँदै गइरहेको छ । विकाससँग उत्पन्न जटीलता सुल्झाउन पनि मानव समुदाय सदा प्रयत्नशील रहन्छ । समाजको प्राकृतिक गुण द्वन्द्व हो । द्वन्द्व कहिल्यै समाप्त हुँदैन । एकातर्फ द्वन्द्वले विकासको गतिलाई अग्रसर गराउँछ भने अर्कोतर्फ समयमा द्वन्द्व समायोजन गर्न नसकेको अवस्थामा दुःखद परिणाम समेत निम्त्याउँछ ।

नेपालमा ७ वर्ष अघि शुरु भएको सशस्त्र आन्तरिक द्वन्द्वको कारणले ७ हजारभन्दा बढी मानिस मारिएका छन् । हजारौं मानिस विस्थापित भएका छन् । शरणार्थी सम्बन्धी महासन्धिलाई नेपालले अनुमोदन गरेको छैन । आन्तरिक विस्थापन सम्बन्धी कानुन बनेको छैन । यथा-संभव चाँडो, विस्थापन सम्बन्धी कानुन बनाइनुपर्छ भन्ने हाम्रो आग्रह छ । यस्तो कानुन बनाउनेतर्फ जुनसुकै क्षेत्रद्वारा गरिएको पहलमा हार्दिकता साथ सहकार्य गर्न इन्सेकको तत्परताको परिचायक-यो सानो पुस्तिका हो ।

यस पुस्तिकामा "आन्तरिक विस्थापन सम्बन्धी निर्देशक सिद्धान्तहरु", "जेनेभा महासन्धिको साझा धारा-३" र "युद्ध सम्बन्धी कानुनका अत्यावश्यक पक्षहरु" लाई समावेश गरिएको छ । उल्लिखित तिनै विषयहरु युद्धसँग सम्बन्धित छन् । आन्तरिक सशस्त्र द्वन्द्वका क्रममा, युद्धरत पक्षहरुले अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना के-कति हदसम्म गरे ? वा गरेनन् ? युद्धका आवश्यक सिद्धान्तहरुको के-कति वेवास्ता भयो ? त्यसको मापन गर्न, यो पुस्तकले सार्थक भूमिका निर्वाह गर्न सक्ने विश्वास गर्दछु ।

पुस्तकको नेपाली अनुवादमा विशेष भूमिका निर्वाह गर्ने योगीश खरेल, टीका लम्साल, कामदेव खनाल र प्रकाश भट्टराईलाई विशेष धन्यवाद दिन चाहन्छौं । त्यसैगरी टाइप, लेआउट र प्रुफ हेर्नु हुने गोविन्द त्रिपाठी र गीता माली धन्यवादका पात्र हुनुहुन्छ ।

विभिन्न वर्ग र तहमा यो पुस्तक उपयोगी हुनेछ भन्ने विश्वासका साथ विद्वत वर्ग र मानवअधिकराकर्मीबाट अमूल्य सुझाव प्राप्त गर्ने विश्वास लिएको छु ।

सुबोधराज प्याकुरेल
महासचिव

विषय-सूची

		पृष्ठ
१.	आन्तरिक विस्थापन सम्बन्धी निर्देशक सिद्धान्तहरू	१-१९
२.	जेनेभा महासन्धिको साझा धारा ३	२०
३.	युद्ध सम्बन्धी कानुनका अत्यावश्यक पक्षहरु	२१-४७

आन्तरिक विस्थापन सम्बन्धी निर्देशक सिद्धान्तहरू

मानवीय मामिला सम्बन्धी उप-महासचिव श्री सेरिगो भियरा डी मिलोद्वारा परिचय गराइएका निर्देशक सिद्धान्तहरू

आन्तरिक विस्थापनले ल्याएको संकटका बारेमा मानवीय समुदायको चासो बढेको छ र आन्तरिक विस्थापनवाट २ करोड मानिसहरू विश्वव्यापी रुपमा प्रभावित भएका छन् । आन्तरिकरुपले विस्थापितहरूको संरक्षणकालागि, पहिलो र मुख्य उत्तरदायित्व, राष्ट्रिय सरकारहरूको र स्थानीय निकायहरूको हुन्छ । त्यसै गरी अन्तर्राष्ट्रिय समुदायले द्वन्द्व तथा संकटको समयमा, आन्तरिक विस्थापितहरूको सुरक्षा वृद्धि गर्नकालागि कसरी बढी भन्दा बढी योगदान दिन सक्छन्, त्यो महत्वपूर्ण रहेको छ । हामीले त्यस्तो प्रकृयाबाट मानवीय सहयोग स्थापना गर्नुपर्दछ जसवाट आन्तरिक विस्थापितहरूको संरक्षण गर्न सहयोग पुगोस् ।

संयुक्त राष्ट्रसंघीय प्रणालीभित्र, आन्तरिकरुपमा विस्थापित व्यक्तिहरूको आवश्यकतालाई मध्यनजर राख्दै प्रभावकारी तथा यथाशक्य चाँडो सहयोग पुऱ्याउनकालागि महत्वपूर्ण प्रयासहरू गरिएका छन् । आन्तरिक विस्थापितहरूका बारेमा संयुक्त राष्ट्रसंघभित्र मुख्य रुपमा कार्य गर्नकालागि अन्तर निकाय स्थायी समितिले, मलाई जिम्मेवारी दिएको छ । प्राप्त अधिकार अनुसार म संयुक्त राष्ट्रसंघको समग्र क्षमता अभिबृद्धि गर्नकालागि एवं आन्तरिक विस्थापन लगायत संस्थाहरूबीच दरिलो संयोजन तथा सांगठनिक जिमेवारीको प्रष्ट विभाजन गर्न र कार्यकारी निकायहरूलाइ पर्याप्त टेवा दिने प्रतिबद्धता जनाउन चाहन्छु ।

यस सन्दर्भमा, महासचिवका "आन्तरिकरुपले विस्थापित व्यक्तिहरूका शाखाका" प्रतिनिधिले यो आन्तरिक विस्थापन सम्वन्धी निर्देशक सिद्धान्तहरू जारी गरिदिन, उहाँको स्वागत गर्दछु। यी निर्देशक सिद्धान्तहरू हाल अस्तित्वमा रहेका अन्तर्राष्ट्रिय मानवीय कानुन एवं मानवअधिकार संवन्धी कानुनी प्रावधानहरूमा आधारित छन्। सरकारहरूका साथै, आन्तरिकरुपमा विस्थापित व्यक्तिहरूलाई सहयोग एवं संरक्षण प्रदान गर्ने अन्तर्राष्ट्रिय मानवीय एवं विकास संस्थालाई, तिनीहरूको काममा अन्तर्राष्ट्रिय मापकको रुपमा निर्देशन गर्नेछन्।

अन्तर निकाय स्थायी समिति (The Inter Agency Standing Committee) यी निर्देशक सिद्धान्तहरूको पूर्ण समर्थन गर्दछ र यसका सदस्यहरूले तिनीहरूका क्रियाकलापमा, यी सिद्धान्तहरू समावेश भएका छन् भनी विश्वास दिलाउन, आन्तरिकरुपमा विस्थापित व्यक्तिहरूको प्रतिनिधित्व गर्दै, उनीहरूको कार्यकारी संचालनहरू एवं विशेषगरी कार्यक्षेत्रका कर्मचारीसमेतलाई यी सिद्धान्तहरूमा सहभागी हुन उत्प्रेरित गर्दछ।

यी सिद्धान्तहरूले आन्तरिकरुपले विस्थापित व्यक्तिहरूका आवश्यकताहरूका वारेमा चेतना जगाउने, मानव सम्मुदायभित्रै सहयोगको परिचालन गर्ने र आन्तरिकरुपमा विस्थापित व्यक्तिहरूको सुरक्षा एवं सहयोगमा लागेका साथीहरूलाई कामको दौरानमा आईपर्ने अप्ठ्याराहरू सुल्झाउन महत्वपूर्ण भूमिका खेल्नेछन् भनी विश्वास गर्दछु । यी सिद्धान्तहरूले सरकारहरूलाई, उनीहरुका विस्थापित जनताको सुरक्षा र सम्वर्द्धन गर्न समेत सहयोग पुऱ्याउनेछन्।

म विश्वस्त छु, तपाईंहरू प्रत्येकले, अत्यावश्यक भईसकेको आन्तरिकरुपले विस्थापित जनसमूहको स्तर र तिनीहरूप्रतिको व्यवहारमा सुधारकालागि, यी निर्देशक सिद्धान्हरूलाई वृहत् रुपमा प्रसार एवं प्रयोग गर्नुहुनेछ।

आन्तरिकरुपमा विस्थापित व्यक्तिहरूको मामलामा, संयुक्त राष्ट्रसंघका महासचिवका प्रतिनिधि श्री फ्रान्सिस एम्. देङ्गले दिनुभएको परिचयात्मक मन्तव्य

हाल आएर अन्तर्राष्ट्रिय समुदाय, आफ्नै देशभित्र रहेर पनि हिंसात्मक द्वन्द्व, मानवअधिकारको व्यापक उल्लंघन तथा अन्य पीडादायक घटनाहरूका कारण आफ्नो घरबाट जबरजस्ती धपाइएका व्यक्तिहरूको विश्वासिलो संरक्षणकालागि अत्यन्त ठूलो काममा जुधिरहनु परेको छ । तिनीहरू, झण्डै सधैजसो अपर्याप्तता, दुःख एवं विभेदको चोटवाट पीडित भइरहन्छन् । यही चुनौतीको सामना गर्न नै आन्तरिकरुपमा विस्थापितहरूका निम्ति, यी निर्देशक सिद्धान्तहरू विकसित गरिएका हुन् ।

यी सिद्धान्तहरूले आन्तरिक रुपमा विस्थापित मानिसहरूको सबै चरणको विस्थापनसँग सम्वन्ध राख्ने अधिकारहरू एवं अन्य (कानुनी) प्रत्याभूतिहरूको पहिचान गर्दछन् । तिनीहरूले स्वेच्छाचारी विस्थापनको विरुद्ध तथा विस्थापन काममा सुरक्षा एवं सहयोगका आधार प्रदान गर्नुका साथै विस्थापितहरूको पुनर्गमन, पुनर्वास लगायत पुनर्मिलनका (Reintigration) प्रत्याभूति दिलाउन, संरक्षण प्रदान गर्ने काम गर्दछन् । यी सिद्धान्तहरूले कुनै पनि बाध्यकारी अवस्था सृजना गर्दैनन् । तैपनि यिनीहरू अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनसँग र शरणार्थी सम्वन्धी कानुनसँग मिल्दाजुल्दा छन् ।

यी सिद्धान्तहरू, मैले धेरै वर्ष लगाएर तयार गरेको हुँ । मलाई यी सिद्धान्तहरू तयार गर्न सन् १९९२ मा (संयुक्त राष्ट्रसंघीय) मानवअधिकार आयोगले तथा पछि आएर स्वयं आयोग र राष्ट्रसंघका साधारण सभावाट पारित विभिन्न प्रस्तावहरूले अधिकार प्रदान गरेका थिए । शुरुमा चाहिं मलाई आन्तरिक विस्थापनका कारण र असरहरू, आन्तरिकरुपमा विस्थापितहरूको अन्तर्राष्ट्रिय कानुनमा स्थान, वर्तमान संस्थागत संरचना मुताविक विस्थापितहरूको आवश्यकता निरुपणको स्तर र तिनीहरूले सुरक्षा तथा सहयोगमा कसरी सुधार गर्न सकिन्छ भनेर अध्ययन गर्न भनिएको थियो ।

अध्ययनपछि आन्तरिकरुपमा विस्थापितहरूकालागि कानुनी एवं सांगठनिक संरचनाहरूको आवश्यकता देखियो । मैले सरकारहरू वा अन्यपक्षलाई यस दिशा तर्फ अघि बढ्ने वार्तामा सहभागी हुन मुलुकमा कार्यरत टोलीहरुलाई संलग्न गराएँ । किनभने यसो गर्नु, मलाई प्राप्त आदेशको मूल कार्य थियो । अन्तर्राष्ट्रिय कानुनविज्ञहरूको सहयोगमा, मैंले यस कानुनले आन्तरिकरुपमा विस्थापितहरूको विषयलाई के कति समेट्दो रहेछ भनेर अध्ययन गरें, जसबाट कानुनी मान्यताहरूको सँगालो तथा विश्लेषण (E/CN १९९६/५२ Add.2) नामको प्रतिवेदन तयार भयो । यस अध्ययनबाट के देखियो भने, विद्यमान कानुनी व्यवस्थाले आन्तरिकरुपमा विस्थापितहरूको बारेमा सारभूत गरेपनि, तिनीहरूको सुरक्षा तथा सहयोगका कतिपय महत्वपूर्ण क्षेत्रहरूमा, यथोचित कानुनी व्यवस्था हुन सकेको छैन । परिणामतः उक्त आयोग र साधारण सभाले, मलाई आन्तरिकरुपमा विस्थापितहरूको बारेमा एउटा मान्यतासहितको सही संरचना तयारगर्न अनुरोध गरे । यसले नै मलाई यी निर्देशक सिद्धान्तहरू मस्यौदा गर्न अघि साऱ्यो जसले संबन्धित पक्षका बारेमा, विद्यमान कानुनी मान्यताहरूका बारेमा उल्लेख गर्दै आवश्यक व्यवस्था गर्ने प्रयास गरेकोछ ।

मैले यी निर्देशक सिद्धान्तहरूलाई, सन् १९९८ मा आयोग समक्ष पेश गरेपछि, यी निर्देशक सिद्धान्तहरूलाई सरकारहरूमा चलिरहेको वार्तालाप, महासचिवको प्रतिनिधिको रुपमा उपस्थित भएर प्रयोग गर्ने इच्छा समेतलाई समेटेर सो आयोगले एक प्रस्ताव पारित गऱ्यो । आयोगले अन्तरनिकाय स्थायी समितिमा सिद्धान्तहरूलाई स्वागत गर्ने निर्णयलाई पनि आफ्नो जानकारीमा लियो ।

यी निर्देशक सिद्धान्तहरूले सरकारहरू तथा आन्तरिकरुपमा विस्थापित व्यक्तिहरूको क्षेत्रमा सक्षम प्राधिकारहरू, सरकार र संस्थाहरू एवं गैरसरकारी संस्थाहरूलाई मूल्यवान एवं व्यवहारिक निर्देशन दिनेछन् । मेरो अपेक्षा के रहेको छ भने यी सिद्धान्तहरू चौतर्फी रुपमा प्रसार गरिनेछन्, साथै यिनीहरू व्यवहारिक तवरले क्षेत्रमा लागू हुनेछन् ।

आन्तरिक विस्थापनका निर्देशक सिद्धान्तहरू

परिचय-क्षेत्र र उद्देश्य

१. यी निर्देशक सिद्धान्तहरूले विश्वव्यापीरुपमा, आन्तरिकरुपले विस्थापित व्यक्तिहरूको विशिष्ट आवश्यकताहरूलाई उठान गर्दछन् । यिनीहरूले जवर्जस्ती विस्थापित मानिसहरूको अधिकारको संरक्षण गर्ने र अधिकारहरूको पहिचान गर्ने सन्दर्भमा तथा विस्थापित भएको समयमा फिर्ता साथ साथै पुनर्स्थापन र पुनर्मिलनको समयमा तिनीहरूको सुरक्षा एवं सहयोगको सुनिश्चितता गरेका हुन्छन् ।

२. यी सिद्धान्तहरूका उद्देश्य मुताविक; आन्तरिकरुपले विस्थापित व्यक्तिहरू भन्नाले, त्यस्ता व्यक्ति वा समूहहरूलाई बुझाउँछ, जो तिनीहरूको घरबार तथा हालसालै बसिरहेको स्थानलाई छाडेर, कुनै विशेष परिस्थितिका कारणले वा सशस्त्र द्वन्द्वबाट हुने प्रभाववाट मुक्त हुनकालागि, हिंसाको सामान्यीकरण भएको अवस्था, मानवअधिकारहरूको उल्लंघन वा प्राकृतिक र मानवीय प्रकोपहरूका कारणले पलायन भएका व्यक्तिहरूलाई बुझाउँदछ, जसले अन्तर्राष्ट्रिय रुपमा मान्यताप्राप्त राज्यको सिमाना पार गरेका छैनन् ।

३. यी सिद्धान्तहरू अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र अन्तर्राष्ट्रिय मानवीय कानुनसँग मेल खान्छन् र तिनीहरूको प्रतिनिधित्व समेत गर्दछन् । यिनीहरूले

(क) आन्तरिक विस्थापन सम्बन्धी कार्य गर्ने संयुक्त राष्ट्रसंघको महासचिवका प्रतिनिधिलाई उसको अधिकार प्रयोग गर्नकालागि,

(ख) आन्तरिक विस्थापनको समस्या भोगिरहेको राज्यकालागि,

(ग) आन्तरिकरुपले विस्थापितहरुसँग सम्बन्धित अन्य त्यस्ता निकायहरू, समूहहरू वा व्यक्तिहरुकालागि,

(घ) जो आन्तरिक विस्थापन सम्बन्धी कार्य गर्न चाहने अन्तर सरकारी तथा गैर सरकारी संस्थाहरूकालागि मार्गदर्शन गर्नेछन् ।

४. यी निर्देशक सिद्धान्तहरूको कार्यान्वयन तथा प्रचार प्रसार सकेसम्म व्यापकरुपमा गराइनेछन् ।

भाग १ साधारण सिद्धान्तहरू

सिद्धान्त १

(१) आन्तरिकरुपले विस्थापित व्यक्तिहरूले, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनको अधीन रही, त्यो देशका अन्य व्यक्तिहरू सरह, समान रुपमा उही स्वतन्त्रता र अधिकारहरूको उपयोग गर्न पाउनेछन् । आन्तरिकरुपले विस्थापित भएको आधारमा, अधिकारहरू र स्वतन्त्रताको उपयोग गर्ने सवालमा कुनै भेदभाव गरिने छैन ।

(२) यी सिद्धान्तहरू, बिना कुनै पूर्वाग्रह अन्तर्राष्ट्रिय कानुनका आधारमा विशेष गरी आम नरसंहारमा संलग्न, मानव विरुद्ध अपराध गरेका तथा युद्ध सम्बन्धी अपराधमा संलग्न व्यक्तिहरूलाई लागू हुनेछन् ।

सिद्धान्त २

(१) यी सिद्धान्तहरू सबै निकायहरू, समुदायहरू र व्यक्तिहरूको कानुनी हैसियत नहेरीकन बिना कुनै भेदभाव लागू गरिनेछ । यी सिद्धान्तहरूलाई लागू गराउँदा संलग्न भएका कुनै पनि निकायहरू, समूहहरू र व्यक्तिहरूको कानुनी हैसियतमा कुनै किसिमको असर पर्नेछैन ।

(२) यी सिद्धान्तहरूको अन्तर्राष्ट्रिय मानवअधिकारहरू वा अन्तर्राष्ट्रिय मानवीय कानुनका संयन्त्रहरू वा अधिकारहरूका आधारमा, राष्ट्रिय कानुनहरूले व्यवस्था गरेका व्यक्तिका अधिकारहरूको अवरोधकको रुपमा, परिवर्तित रुपमा वा कमजोरीका रुपमा व्यवस्था गरिनेछैन ।

सिद्धान्त ३

(१) आन्तरिकरुपले विस्थापित व्यक्तिहरूलाई देशको कानुनी व्यवस्था अनुसार सुरक्षा र मानवीय सहयोग प्रदान गर्नु, आफ्नो अधिकार क्षेत्रभित्र राष्ट्रिय निकायहरूको आधारभूत कर्तव्य र उत्तरदायित्व रहेको हुन्छ ।

(२) सुरक्षा तथा मानवीय सहयोग प्राप्त गर्नकालागि, ती निकायहरू समक्ष अनुरोध गर्ने अधिकार, हरेक विस्थापित व्यक्तिहरूलाई रहेको हुन्छ । यस्ता

किसिमका अनुरोधहरू गर्दा, तिनीहरूलाई बन्दी बनाउने या सजाय दिन पाइनेछैन ।

सिद्धान्त ४

(१) यी सिद्धान्तहरू जाति, रङ्ग, लिङ्ग, भाषा, धर्म वा विश्वास, राजनीतिक वा अन्य विचार, राष्ट्रियता, जातीय वा सामाजिक परिवेश, कानुनी वा सामाजिक हैसियत, उमेर, असक्षमता, सम्पत्ति, जन्म वा यस्तै अन्य समान प्रकारका क्षेत्रहरूका आधारमा कुनै भेदभाव बिना नै लागू गरिनेछ ।

(२) निश्चित किसिमका, आन्तरिकरुपले विस्थापित व्यक्तिहरू, जस्तै; बालबालिका, विशेषगरी कानुनी बन्देज नभएकाहरू, गर्भवती आमाहरू, साना बच्चा भएका आमाहरू, परिवारका मूली महिलाहरू, अशक्त व्यक्तिहरू र बृद्ध व्यक्तिहरूलाई तिनीहरूको अवस्था हेरी सुरक्षा र सहयोग प्राप्त गर्नु तिनीहरूको अधिकार हुनेछ । उनीहरूको आवश्यकतालाई हेरी उचित उपचारको व्यवस्था गरिनुपर्नेछ ।

भाग २ विस्थापित हुनबाट सुरक्षा पाउने विषयसँग सम्बन्धित सिद्धान्तहरू

सिद्धान्त ५

अख्तियारवालाहरू र अन्तर्राष्ट्रिय समुदायहरू अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनहरूको परिचालन गर्ने र परिचालन गर्न अभिप्रेरित गराउन बाध्यकारी भएको कारणले, उनीहरुले व्यक्तिहरूको विस्थापनको अवस्था आउन नदिन वा उपचारात्मक कार्यहरू गर्नलाई अभिप्रेरित गर्नेछन् ।

सिद्धान्त ६

(१) हरेक मानवलाई उसको वा उसको घर वा गाँसबासबाट स्वेच्छाचारी विस्थापनबाट सुरक्षा पाउने अधिकार हुनेछ ।

(२) स्वेच्छाचारी विस्थापनको प्रतिबन्धले,

(क) प्रभावित जनसंख्याको जातीय, धार्मिक संरचनालाई खलल पार्ने किसिमका रंगभेद नीतिहरू, जातीय झैं-झगडा र त्यस्तै अन्य कार्यहरू वा,

(ख) सशस्त्र द्वन्द्वको समयमा, नागरिकहरूको सुरक्षासँग सम्बन्धित तथा आवाश्यकीय सैनिक प्रयोजनसम्म वा ,

(ग) बृहत् किसिमको विकासे परियोजनाहरूको संचालन अवस्था, जहाँ जनचासोहरूलाई बाध्यकारी र हेपाहा तरिकाले परिभाषित गरिएको नभएमा वा,

(घ) विभिन्न किसिमका प्रकोपहरू भएको अवस्थामा, प्रभावित व्यक्तिहरूको सुरक्षा र स्वास्थ्यकालागि, तिनीहरूको बासस्थान खाली गराउनु पर्ने देखिएमा वा,

(ङ) सामूहिक सजायको रुपमा यसलाई प्रयोग गरिएको अवस्थामा हुने विस्थापनहरूलाई समेट्दछ ।

३. आवश्यक परिस्थितिमा बाहेक विस्थापनको समयलाई लामो बनाइने छैन ।

सिद्धान्त ७

१. सम्बन्धित अख्तियारवालाहरूले, समग्ररुपमा विस्थापन हटाउनकालागि, व्यक्तिहरूलाई विस्थापन गर्ने अघिल्ला निर्णयहरूको सट्टामा अन्य वैकल्पिक सम्भावनाहरूको व्यवस्था गर्नुपर्नेछ । यदि कुनै विकल्पहरू नरहेमा, विस्थापन र यसबाट पर्ने असरहरूलाई कम गर्न सबै उपायहरू अवलम्बन गर्नुपर्नेछ ।

२. यस्ता विस्थापनहरूको, जिम्मेवार निकायहरूले सम्भव भएसम्म विस्थापितहरूलाई उचित आवासको व्यवस्था, सुरक्षाको अनुभूति, पोषक तत्वहरूको उपलब्धता, स्वास्थ्य सुविधा तथा परिवारका सदस्यहरूलाई अलग-अलग पारिनेछैन ।

३. सशस्त्र द्वन्द्वको संकटकालीन अवस्था र प्रकोपहरूमा बाहेक, अन्य

समयमा यस्ता विस्थापनहरू भएमा, देहायका सुनिश्चितताहरूसँग मिल्नुपर्नेछ :-

(क) यस्ता उपायहरूको आदेशकालागि कानुनद्वारा सशक्त पारिएको राज्यका निकायले बिशेष किसिमको निर्णय लिएको हुनुपर्नेछ ।

(ख) विस्थापितहरुलाई त्यसका कारणहरू र प्रक्रियाहरूका बारेमा पूर्ण सूचना दिनकालागि तथा आवश्यक क्षतिपूर्ती र पुनर्स्थापर्नकालागि उपयुक्त उपायहरूको अवलम्बन गरिनेछ ।

(ग) विस्थापित व्यक्तिहरूको स्वतन्त्रता र इच्छाइएका कुराहरूको बारेमा सोधिनेछ ।

(घ) विस्थापनबाट प्रभावित, विशेषगरी महिलाहरूलाई उनीहरूको पूर्व स्थानमा फिर्ता पठाउनकालागि योजना र व्यवस्थापन कार्यमा सहभागी गराउन, अख्तियार प्राप्त निकायहरूबाट प्रयास गरिनेछ ।

(ङ) यदि आवश्यक परेमा, कानुन कार्यान्वयनका मापकहरूलाई दक्ष कानुनी निकायहरूबाट कार्यान्वयन गरिनेछ ।

(च) उपयुक्त कानुनी निकायहरूले गरेका निर्णयहरूको पुनरावलोकन सम्मिलित प्रभावकारी कानुनी उपचारको अधिकारको सम्मान गरिएको हुनेछ ।

सिद्धान्त ८

व्यक्तिहरूको बाँच्न पाउने अधिकार, स्वतन्त्रताको अधिकार, सुरक्षाको अधिकार र मर्यादित जीवन सम्बन्धी अधिकारलाई असर पुग्ने गरी कुनै पनि विस्थापनहरू हुनेछैनन् ।

सिद्धान्त ९

आदिवासी जनताहरू, अल्पसंख्यकहरू, किसानहरू, गाउँलेहरू जसको विशेष निर्भरता भूमिसँग जोडिएको हुन्छ, तिनीहरूलाई विस्थापित हुनबाट संरक्षण गर्न राज्यहरू बिशेष रुपमा बाध्यकारी हुनेछन् ।

भाग ३ विस्थापनको समयमा सुरक्षासँग सम्बन्धित सिद्धान्तहरू

सिद्धान्त १०

(१) हरेक मानवलाई बाँच्न पाउने अहरणीय अधिकार रहेको हुन्छ, जुन कानुन बाट संरक्षित हुनेछ । स्वेच्छाचारी ढंगले कोहीबाट कसैको जीवनलाई बरबाद गरिनेछैन । आन्तरिकरुपले विस्थापित व्यक्तिहरूको विशेषगरी निम्नलिखित कार्यहरू विरुद्ध संरक्षण गरिनेछ :-

(क) आम नरसंहार,

(ख) हत्या,

(ग) गैरकानुनी मृत्यु दण्ड ,

(घ) बेपत्ता पारिनु जस अन्तर्गत अपहरण वा बिना जानकारीका थुनुवाहरू, धम्की अथवा मृत्युसँग सम्बन्धित घटनाहरू सम्मिलित धम्कीहरू र माथि उल्लिखित कार्यहरू गर्न उक्साउने कार्यहरूलाई प्रतिबन्ध गरिनेछ ।

(२) द्वन्द्वका घटनाहरूमा सामेल नभएका, आन्तरिकरुपले विस्थापित व्यक्तिहरूका विरुद्ध हुने आक्रमणहरू र हिंसाका घटनाहरूलाई जुनसुकै अवस्थामा प्रतिबन्धित गरिएको छ ।

आन्तरिकरुपले विस्थापित व्यक्तिहरू, विशेषगरी निम्नलिखित अवस्थाहरूमा सुरक्षित हुनुपर्नेछ :-

(क) प्रत्यक्ष वा भेदभावपूर्ण आक्रमणहरू अथवा हिंसाका अन्य कार्यहरू, विशेषगरी त्यस्ता क्षेत्रहरूको संरचना गर्न जहाँ नागरिकहरूमाथिको आक्रमणलाई अनुमति प्रदान गरिन्छ ।

(ख) भोक हड्ताल, संघर्षको एउटा तरीका भएको अवस्था वा

(ग) आक्रमणहरूमा सैनिक प्रयोजनकालागि ढालको रुपमा तिनीहरूको प्रयोग अथवा सुरक्षा कारवाहीमा अवरोधक पक्षको रुपमा तिनीहरूको प्रयोग वा

(घ) तिनीहरूका शिविर र बासस्थान माथिको आक्रमण वा

(ङ) सुरक्षा फौजहरू विरुद्ध हुने भूमिगत विद्युतीय धराप विस्फोटनमा हुने प्रयोग

सिद्धान्त ११

(१) हरेक व्यक्तिलाई मर्यादापूर्वक बाँच्न पाउने र भौतिक, मानसिक र नैतिकवान् बन्न पाउने अधिकार रहेको हुन्छ ।

(२) आन्तरिकरुपले विस्थापित व्यक्तिहरू, तिनीहरूको स्वतन्त्रतामाथि प्रतिबन्ध लागाइएको होस् वा नहोस् निम्नलिखित कुराहरू विरुद्ध तिनीहरू संरक्षित हुनुपर्दछ :-

(क) बलात्कार, घाईते, यातना, क्रुर अमानवीय अथवा अमर्यादित व्यवहार र अन्य मानवीय मर्यादामा आँच आउने खालका, लैङ्गिक विभेदयुक्त हिंसाहरू, जवरजस्ती वेश्यावृति र कुनै पनि प्रकारका खराव भौतिक आक्रमणहरू,

(ख) दासता तथा दासताका समकालीन रुपहरू जस्तै; बैवाहिक वेचबिखन, यौन शोषण अथवा जवर्जस्ती वालश्रम र

(ग) आन्तरिकरुपले विस्थापित व्यक्तिहरूलाई आतंकित पार्नकालागि गरिएका हिंसाका घटनाहरू, धम्कीहरू र माथि उल्लिखित कार्यहरू गर्नकालागि उक्साउने कार्यहरूलाई प्रतिबन्धित गरिनेछ ।

सिद्धान्त १२

१) हरेक मानवलाई स्वतन्त्रता र सुरक्षाको अधिकार रहेको छ, कुनै पनि व्यक्तिलाई गैरकानुनी ढंगले गिरफ्तार गर्ने अथवा थुन्ने काम गर्न पाइनेछैन ।

२) आन्तरिक रुपले विस्थापित व्यक्तिहरूको अधिकारको उपभोग गर्नकालागि कुनै बन्देज अथवा एउटा शिविरभित्र मात्र सीमित गरिनेछैन । कुनै विशेष अवस्थामा बन्देज तुल्याउनु वा सीमित गरिनु अत्यावश्यक छ, जुन उक्त परिस्थिति पश्चात पनि लम्ब्याउन पाइनेछैन ।

३) विस्थापन भएकै कारणले हुने भेदभावपूर्ण गिरफ्तारी र थुनाहरुबाट, आन्तरिकरुपले विस्थापित व्यक्तिहरुलाई संरक्षण गरिनु पर्नेछ ।

४) आन्तरिकरुपले विस्थापित व्यक्तिहरुलाई कुनै पनि हालतमा बन्धकको रुपमा राखिनेछैन ।

सिद्धान्त १३

१) कुनै पनि अवस्थाहरुमा विस्थापित बालबालिकालाई द्वन्द्वहरुमा संलग्न हुनकालागि न अनुमति दिइनेछ न सैन्य सेवामा भर्ती गराउन पाइनेछ ।

२) विस्थापित भएकै कारणले, आन्तरिकरुपले विस्थापित व्यक्तिहरुलाई, कुनै सैन्य बलहरुमा वा समूहहरुमा भर्ती हुने क्रममा हुने भेदभावहरुबाट संरक्षित गरिनेछ । विशेषगरी कुनै क्रुर, अमानवीय तथा अमर्यादित क्रियाकलापहरु गरेर विस्थापितहरुलाई भर्ती हुन वा नहुन बाध्य गराउने वा उनीहरुसँग सहमत भए अथवा नभएमा, कुनै पनि हालतमा कुनै पनि सजायको भागी बनाइनेछैन ।

सिद्धान्त १४

१) आन्तरिकरुपले विस्थापित प्रत्येक व्यक्तिहरुलाई स्वतन्त्रका आन्दोलनहरु संचालन गर्ने अधिकार र उसको वा उनको वासस्थान रोज्न पाउने अधिकार रहेकोछ ।

२) विशेषगरी, आन्तरिकरुपले विस्थापित व्यक्तिहरुलाई शिविरभित्र वा बाहिर वा अन्य वासस्थानहरुलाई, स्वतन्त्रतापूर्वक हिँडडुल गर्न पाउने स्वतन्त्रताको अधिकार रहेको छ ।

सिद्धान्त १५

आन्तरिकरुपले विस्थापित व्यक्तिहरूसँग यी अधिकार निहित छ :-

(क) देशको कुनै भागमा सुरक्षा खोज्ने अधिकार,

(ख) आफ्नो देश छोड्ने अधिकार,

(ग) अन्य कुनै देशमा शरण खोज्ने अधिकार र

(घ) आफ्नो जीवनको सुरक्षा, स्वतन्त्रता र स्वास्थ्यसमेतमा खतरा रहेसम्मको अवस्थामा, कुनै पनि ठाउँमा पुनर्गमन एवं पुनर्वास विरुद्धको अधिकार ।

सिद्धान्त १६

१. आन्तरिक रुपमा विस्थापित सम्पूर्ण व्यक्तिहरूसँग उनीहरूका हराईरहेका नातेदारहरूको ठाउँमा बसोबासको ठाउँ एवं अवस्थाका बारेमा जान्न पाउने अधिकार निहित रहनेछ ।

२. सम्बन्धित अख्तियारवालाहरूले वेपत्ता भएको भनिएको, आन्तरिकरुपले विस्थापित व्यक्तिको अवस्था एवं बसाईको बारेमा जानकारी प्राप्त गर्ने प्रयास गर्नुपर्नेछ र यसै काममा संलग्न सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाहरूलाई समेत सहयोग गर्नुपर्नेछ । तिनीहरूले यस शिलसिलामा भएका अनुसन्धानात्मक प्रगति र कुनै परिणाम भए, सो समेत निजका नजीकका नातेदारलाई जानकारी गराउनुपर्नेछ ।

३. सम्बन्धित अख्तियारवालाले (कुनै) मृतकको पार्थिव शरिर वा यसका अवशेषहरूको सम्झना एवं पहिचान गरी, नाशिन वा मेटिन नदिई सो पार्थिव शरिर वा अवशेषहरू, निजका नजीकका आफन्तहरूलाई जिम्मा लगाइदिनुपर्नेछ वा यथोचित सद्गत गरिदिनुपर्नेछ ।

४. आन्तरिकरुपले विस्थापित व्यक्तिहरूका कब्रस्थान, श्मसानको जुनसुकै परिस्थितिमा पनि सुरक्षा एवं आदर गर्नुपर्नेछ । आन्तरिकरुपले विस्थापित व्यक्तिहरूमा तिनीहरूको आफन्तको कब्रस्थानसम्म पहुँचको अधिकार हुनेछ ।

सिद्धान्त १७

१. प्रत्येक मानवमा उसको पारिवारिक जीवनको आदर गरिनुपर्ने अधिकार निहित छ ।

२. आन्तरिकरुपले विस्थापित व्यक्तिहरूमा पनि यो अधिकार प्रचलनमा रहने र तिनीहरूको परिवारका सदस्य वा सदस्यहरूले विस्थापित व्यक्तिसँगै बस्न चाहेमा, तिनीहरूलाई सँगै बस्न अनुमति दिनुपर्नेछ ।

३. विस्थापित परिवारहरूको पुनर्मिलन संभव भएसम्म छिट्टै हुनुपर्नेछ । त्यस्तो पुनर्मिलन सक्दो छिटो गराउन सबै उपयुक्त प्रयासहरू गरिनुपर्नेछ र झन् बालबालिका समेत छन् भने विशेष पहल गरिनुपर्नेछ । पारिवारिक पुनर्मिलन, सम्बन्धित परिवारका सदस्यहरूले गरेका सोधपुछ, खोजतलासमा उत्तरदायी अख्तियारवालहरूले सहयोग गर्नुपर्नेछ र यसमा मानवीय संस्थाहरूको सहयोग लिन, उनीहरूलाई अभिप्रेरित गर्नु पर्छ ।

४. आन्तरिक रुपमा विस्थापित परिवारका सदस्यहरू, जसको व्यक्तिगत स्वतन्त्रता गिरफ्तारीको कारण वा कुनै शिविरमा बस्नु पर्ने भएको कारणले कुण्ठित भएमा उनीहरूको सगोलमा रहने अधिकारमा क्षति पुग्ने छैन ।

सिद्धान्त १८

१. आन्तरिक रुपमा विस्थापित सम्पूर्ण व्यक्तिहरूमा उच्चस्तरको जीवनयापन गर्न पाउने अधिकार निहित रहनेछ ।

२. जुनसुकै अवस्थामा, सक्षम प्राधिकारहरूले आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूलाई विना भेदभाव कमसेकम (क) आवश्यक खाद्यान्न एवं पानी (ख) आधारभूत बास एवं आवासः (ग) उपयुक्त कपडा र (घ) आवश्यक स्वास्थ्य एवं सरसफाइको सेवा प्रदान गर्नुपर्नेछ ।

३. यी आधारभूत वस्तुहरूको आपूर्ति एवं वितरण योजनामा महिलावर्गको पूर्ण सहभागिताकालागि विशेष प्रयत्न गर्नुपर्नेछ ।

सिद्धान्त १९

१. आन्तरिक रुपमा विस्थापित घाइते, विरामी साथै अपाङ्ग,अशक्त व्यक्तिहरूले चिकित्सकीय हेरचाह तथा आवश्यक सुविधाहरू संभवभएसम्म कुनै विलम्ब विना र व्यवहारिकरुपमा संभव भएसम्म, चिकित्सकीय आधारको कारणले बाहेक विना कुनै भेदभाव पाउनेछन् । आवश्यक परेमा आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूको पहुँच मनोवैज्ञानिक तथा सामाजिक सेवासम्म हुनेछ ।

२. महिलाहरूको स्वास्थ्य सम्बन्धी आवश्यकताहरूको बारेमा विशेष ध्यान पुऱ्याउनु पर्नेछ, जसमा प्रजनन् स्वास्थ्यका साथै लैंङ्गिक तथा अन्य दुर्व्यवहारका पीडितहरूकालागि सही परामर्श जस्ता स्वास्थ्य सेवा प्रदायकसम्म महिलावर्ग सहज रहनेछ ।

३. आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूबीच एड्स लगायत सरुवा तथा पकुवा रोगहरूको नियन्त्रणमा पनि विशेष ध्यान पुऱ्याउनुपर्नेछ ।

सिद्धान्त २०

१. प्रत्येक मानवको कानुनको अगाडि जहाँ सुकैपनि एक व्यक्तिको हैसियतले चिनाउन पाउने अधिकार छ ।

२. आन्तरिक रुपमा विस्थापित व्यक्तिहरू समेतमा यो हक/अधिकारको प्रचलन गराउन सम्बन्धित प्राधिकारहरूले तिनीहरूलाई आफ्नो कानुनी अधिकारको उपभोग एवं अभ्यासको लागि आवश्यक पर्ने राहदानी, व्यक्तिगत पहिचानका लिखतहरू; जन्म एवं वैवाहिक प्रमाणपत्र जस्ता सम्पूर्ण लिखतहरू जारी गर्नुपर्नेछ । विशेषतः ती प्राधिकारहरूले सम्बन्धित व्यक्तिहरूमा नयाँ लिखतहरू तथा विस्थापनको क्रममा हराएका लिखतहरूको सट्टा लिखतहरू जारी गर्न सक्नेछन् र यसो गर्दा कसैलाई पनि आफ्नो परम्परागत स्थायी बासोवासमा फर्किएर उल्लिखित तथा अन्य लिखतहरू लिई आउनु भन्ने जस्तो अनुचित शर्त राखिनेछैन ।

३. त्यस्ता आवश्यकीय लिखतहरू प्राप्त गर्न तथा सो लिखतहरू आ-आफ्नो नाममा जारी गरी पाउन, महिला एवं पुरुषमा समान अधिकार रहनेछ ।

सिद्धान्त २१

१. कसैलाई पनि निजको सम्पत्ति एवं स्वामित्ववाट स्वेच्छाचारी तवरले वञ्चित गराइने छैन ।

२. आन्तरिक रुपमा विस्थापितहरूको सम्पत्ति एवं स्वामित्व, निम्नानुसारका कार्यहरूको विरुद्धमा जस्तोसुकै अवस्थामा पनि सुरक्षित राखिनेछ :-

(क) लूट

(ख) प्रत्यक्ष वा अन्य हिंसात्मक कृत्य

(ग) सैनिक गतिविधि वा प्रयोजनकालागि घेराबन्दीमा परेमा

(घ) बदलाको शिकार/निशाना बनाइएको मा र

(ङ) सामूहिक सजाय स्वरुप विध्वंस गरिने भएमा ।

३. विस्थापित व्यक्तिहरुद्वारा छाडिएका उनीहरुको स्वामित्वमा रहेका वस्तुहर तथा सम्पत्ति जथाभावी ढंगले वा गैरकानुनीरुपले उपयोग वा प्रयोग गर्न दिइनु हुँदैन र तिनीहरको संरक्षण गरिनु पर्दछ ।

सिद्धान्त २२

१. आन्तरिक रुपमा विस्थापित व्यक्तिहरू, चाहे ती शिविरमा बसुन वा नबसुन, लाई विस्थापनको परिणाम हेरेर मात्र देहायका अधिकार उपभोगमा विभेद गरिने छैन :-

(क) सोच, विवेक, धर्म वा विश्वास, विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार

(ख) स्वतन्त्र रुपमा रोजगारीको अवसर खोज्ने तथा आर्थिक क्रियाकलापमा सहभागी हुन पाउने अधिकार

(ग) स्वतन्त्र तवरमा संगठित हुन पाउने तथा सामुदायिक गतिविधिमा संलग्न हुन पाउने अधिकार

(घ) मतदान तथा सरकारी एवं सार्वजनिक मामिलाहरूमा सहभागी हुन पाउने अधिकार र

(ङ) आफूले बुझ्ने भाषामा बोलचाल गर्न पाउने अधिकार ।

सिद्धान्त २३

१. प्रत्येक मानवसँग शिक्षाको अधिकार निहित रहेकोछ ।

२. आन्तरिकरुपले विस्थापित व्यक्तिहरू समेतमा यो अधिकारको प्रचलन गराउन सम्बन्धित अख्तियारवालाहरूले त्यस्ता व्यक्तिहरूलाई, विशेषगरी बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने विषयमा आश्वस्त तुल्याउनु पर्नेछ, जुन प्राथमिक तहमा निःशुल्क र अनिवार्य हुनेछ । शिक्षाले तिनीहरूको संस्कृति, पहिचान, भाषा तथा धर्मको आदर गर्नुपर्दछ ।

३. शैक्षिक कार्यक्रमहरूमा महिला एवं बालिकाहरूको पूर्ण तथा समान सहभागिताको लागि विशेष प्रयासहरू गरिनेछन् ।

४. आन्तरिकरुपले विस्थापित व्यक्तिहरूलाई, विशेष गरी युवा एवं महिलालाई तिनीहरू शिविरमा बसे वा नबसे पनि परिस्थिति सहज हुनासाथ, शिक्षा एवं तालीमको सुविधा उपलब्ध गराइनेछ ।

भाग ४ मानवीय सहयोग सम्बन्धी सिद्धान्तहरू

सिद्धान्त २४

१. सबै मानवीय सहयोगहरू मानवता तथा निष्पक्षताका सिद्धान्तहरू मुताविक र विना भेदभाव उपलब्ध गराइनेछन् ।

२. राजनीतिक वा सैनिक कारणहरूबाट समेत आन्तरिकरुपले विस्थापितलाई गरिने मानवीय सहयोग स्थगन गरिनेछैन ।

सिद्धान्त २५

१. आन्तरिकरुपले विस्थापित व्यक्तिहरूलाई मानवीय सहयोग प्रदान गर्ने प्राथमिक कर्तव्य एवं उत्तरदायित्व, सम्बन्धित राष्ट्रिय प्राधिकारमा रहनेछ ।

२. अन्तर्राष्ट्रिय मानवीय संगठनहरू र अन्य उपयुक्त कारिणीहरू समेतमा आन्तरिकरुपले विस्थापितहरूको पक्षमा सेवा उपलब्ध गराउने अधिकार हुनेछ । त्यस्ता सेवाहरूलाई गैर-मित्रवत तथा एउटा राज्यको आन्तरिक मामलामा हस्तक्षेप नठानी, असल नियतले गरिएको कार्यको रुपमा लिइनेछ । सम्बन्धित प्राधिकारहरूले आवश्यक मानवीय सहयोग उपलब्ध गराउन असक्षम वा अनिच्छुक भएपनि (अन्तर्राष्ट्रिय) सहयोग भने हठात फिर्ता गरिनेछैन ।

३. सम्बन्धित सबै प्राधिकारहरूले आन्तरिक रुपमा विस्थापितहरूको पक्षमा गरिने मानवीय सहयोग खुल्ला र सहज परिचालनमा सहयोग पुऱ्याउनु पर्नेछ र त्यस्ता कार्यमा लागेका व्यक्तिहरूलाई सहयोग पाउने व्यक्तिहरू

सम्म छिटो, अवरोधविना सहयोग पुऱ्याउने व्यवस्थाको प्रत्याभूति दिनुपर्नेछ ।

सिद्धान्त २६

मानवीय सहयोगमा संलग्न व्यक्तिहरु, तिनीहरूको आवतजावत र सामानहरूको ढुवानीको सुरक्षा गरिनेछ । तिनीहरू कुनै आक्रमण वा अन्य हिंसात्मक कार्यको विषय बन्ने छैनन् ।

सिद्धान्त २७

१. अन्तर्राष्ट्रिय मानवीय संस्थाहरू तथा अन्य उपयुक्त कारिणीहरूले आन्तरिकरुपले विस्थापितहरूमा सहयोग पुऱ्याउँदा, उनीहरूको आवश्यकता एवं मानवअधिकार प्रति उचित ध्यान पुऱ्याउनुपर्नेछ । यसो गर्दा यी संस्था र कारिणीहरूले सम्बन्धित अन्तर्राष्ट्रिय मान्यताहरू एवं आचारसंहिताको आधारमा गर्नुपर्नेछ ।

२. अघिल्लो अनुच्छेदले, अन्तर्राष्ट्रिय संस्थाहरूले अधिकार पाए बमोजिमको सुरक्षा उत्तरदायित्वप्रति पूर्वाग्रह राखिएको मानिने छैन र राज्यहरूले त्यसकालागि अनुरोध गर्न सक्नेछन् ।

भाग ५ पुनर्गमन, पुनर्वास एवं पुनर्मिलन सम्बन्धी सिद्धान्तहरू

सिद्धान्त २८

१. अन्तर्राष्ट्रिय रुपमा विस्थापित व्यक्तिहरूको आफ्नो घर वा थातवासमा स्वेच्छापूर्वक, सुरक्षित एवं ससम्मान फर्किन वा उनीहरूले चाहेमा देशको कुनै पनि भागमा स्वेच्छापूर्वक पुनर्वास गर्ने अवस्थाको सृजना गरिदिनु वा सोको लागि तारतम्य मिलाई दिनु, सम्बन्धित प्राधिकारहरूको प्राथमिक कर्तव्य एवं दायित्व हुनेछ ।

२. आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूले पुनर्गमन तथा पुनर्वासको योजना एवं व्यवस्थापनमा उनीहरूको पूर्ण सहभागिताको लागि विशेष प्रयत्न गरिनेछ ।

सिद्धान्त २९

१. आन्तरिकरुपमा विस्थापित व्यक्तिहरू जो आफ्नो घर वा परम्परागत थातवासमा फर्किएका छन् अथवा जसले राज्यको अन्य कुनै भागमा पुनर्वास गरेका छन्, तिनीहरूलाई विस्थापित भएकै कारणबाट कुनै भेदभाव गरिने छैन । तिनीहरूमा सबै तहका सार्वजनिक मामलामा भाग लिने तथा सार्वजनिक सेवाहरू सम्मको पहुँचमा, अन्य व्यक्ति सरह पूर्ण एवं समान अधिकार रहनेछ ।

२. आफ्नै थातवासमा फर्किएका वा अन्यत्रै पुनर्वास गरेका आन्तरिकरुपले विस्थापित व्यक्तिहरूको विस्थापनको क्रममा हराएका वा छुटेका सम्पत्ति वा स्वामित्व माथिको हक पुनः स्थापना गराउन, हरसम्भव प्रयास गर्न, सम्वन्धित सक्षम प्राधिकारहरूको कर्तव्य एवं दायित्व हुनेछ ! त्यस्तो सम्पत्ति वा हकको पुनः स्थापना संभव नभएमा सक्षम प्राधिकारहरूले त्यस्ता व्यक्तिहरूलाई उपयुक्त क्षतिपूर्ति वा अन्य उपयुक्त शोधभर्ना उपलब्ध गराउने वा त्यसकालागि सहयोग गर्नेछन् ।

सिद्धान्त ३०

सम्बन्धित सबै अख्तियारवालाहरूले आन्तरिकरुपमा विस्थापित व्यक्तिहरूको पुनर्गमन वा पुनर्वासमा सहयोगार्थ संलग्न अन्तर्राष्ट्रिय मानवीय संस्थाहरू तथा अन्य उपयुक्त कारिणीलाई, सोही प्रयोगकालागि उनीहरूलाई प्राप्त अधिकार मुताबिक, विस्थापित व्यक्तिहरू माझ द्रूत एव सहज पहुँचमा सहयोग गर्नुपर्नेछ ।

◆◆◆

युद्धको कानुन

कमाण्डरहरुकालागि सारांश

जेनेभा महासन्धिको साझा धारा ३

उच्च संविदाकारी पक्षको भूमिमा हुने गैरअन्तर्राष्ट्रिय चरित्रको सशस्त्र संघर्षका हकमा संघर्षका हरेक पक्ष न्यूनतम रूपमा निम्नलिखित प्रावधानहरू लागू गर्न बाध्य हुनेछ :-

१) हतियार छाडिसकेका तथा विरामी घाइते थुनाइ वा अन्य कारणले लड्न नसक्ने अवस्थामा पुगेका सैन्य दलका सदस्यहरू लगायत लड़ाईमा सक्रिय रूपमा भाग नलिने व्यक्तिहरूलाई कुनै पनि अवस्थामा जाति, वर्ण, धर्म वा आस्था, लिंग, जन्म वा सम्पत्ति वा त्यस्तै अन्य आधारमा कुनै प्रतिकूल भेदभाव हुने गरी अमानवीय व्यवहार गरिनेछैन ।

यसका लागि निम्नलिखित कार्यहरू हरेक समयमा र हरेक स्थानमा माथि उल्लिखित व्यक्तिहरूका हकमा निषेधित छन् तथा निषेधित रहनेछन् :-

(क) जीवन तथा शरीर विरूद्ध हिंसा, खासगरी, सबै प्रकारका हत्या, अंगभंग, क्रूर व्यवहार र यातना;

(ख) बन्धक बनाउने;

(ग) व्यक्तिको सम्मानमाथि गम्भीर चोट पुऱ्याउने खालका कार्यहरू जस्तै अपमान एवम् निम्न स्तरको व्यवहार;

(घ) सभ्य समाजले अपरिहार्य भनी मान्यता दिएका सबै न्यायिक प्रत्याभूतिहरू प्रदान गर्ने नियमित अदालतले अघि नै फैसला गरी सकेको अवस्थामा बाहेक सजाय सुनाउने र त्यसको कार्यान्वयन गर्ने ।

२) घाइते र विरामीहरूको संकलन र हेरविचार गरिने छ । रेडक्रसको अन्तर्राष्ट्रिय समिति जस्तो निष्पक्ष मानवीय निकायले संघर्षरत पक्षहरूलाई आफ्नो सेवा प्रदान गर्न सक्नेछ । संघर्षका पक्षहरूले वर्तमान महासन्धिका अन्य सबै वा केही प्रावधानहरूलाई विशेष सम्झौताको माध्यमद्वारा थप कार्यान्वयन गर्न प्रयास समेत गर्नुपर्छ ।

माथि उल्लिखित प्रावधानहरूको पालनाले संघर्षरत पक्षहरूको कानूनी हैसियतमा फरक पर्नेछैन । ◆◆◆

युद्ध सम्बन्धी कानुनका अत्यावश्यक पक्षहरू

परिचय

सबै परिस्थितिहरूमा युद्धको कानुनको सम्मान गर्नु र सम्मानको सुनिश्चित गर्नु प्रत्येक राज्यको उत्तरदायित्वभित्र पर्दछ ।

आफ्नो उत्तरदायित्वको परिधिभित्र रहेर सशस्त्र फौजभित्र युद्धको कानुनको कार्यान्वयन सुनिश्चित गर्नु, प्रत्येक कमाण्डरको कर्तव्य हुन आउँछ ।

अन्तर्राष्ट्रिय सन्धि र सम्झौताहरूको उल्लेख नगरिकन कुनै पनि काम सम्पन्न गर्ने मिशन बोकेका कमाण्डरहरूले के-के कुरा जान्नु पर्छ र गर्नुपर्छ भन्ने सम्बन्धमा "कमाण्डरहरूका लागि सारांश" मा उल्लेख गरिएको छ । यस "सारांश" लाई तालीम तथा कार्य सम्पादन दुवैका लागि प्रयोग गर्न सकिन्छ ।

१. सन्दर्भ शब्दावली

१. युद्धको कानुन — युद्धको आचारण र मुद्दाबाट पीडितहरूको संरक्षणसँग सम्बन्धित अन्तर्राष्ट्रिय दस्तावेजहरू नै युद्धको कानुन अन्तर्गत पर्दछन् ।

२. योद्धा — धार्मिक र स्वास्थ्य कार्यकर्ताहरू बाहेक सशस्त्र समूहका सदस्यहरू नै योद्धाहरू हुन् । उनीहरूको पोशाक, अन्य निश्चित पहिचानयोग्य चिन्ह तथा कम्तीमा पनि खुलारुपमा हातहतियार बोकेबाट, योद्धाहरू अन्य समुदायबाट भिन्न देखिन्छन् ।

३. युद्धबन्दी शुत्रपक्षबाट आफ्नो नियन्त्रणमा लिइएका योद्धाहरू नै युद्धबन्दीहरू हुन् ।

४. सैन्य उद्देश्य योद्धाहरू, सैन्य संरचना तथा वाहन, सैन्य गतिविधिहरू साथै त्यस क्षेत्रभित्र पर्ने सान्दर्भिक वस्तुहरू सैन्य उद्देश्यभित्र पर्दछन् ।

५. आम नागरिक सशस्त्र समूहहरूसँग असम्बन्धित व्यक्तिहरू नै आम नागरिकहरू हुन् ।

६. गैरसैनिक वस्तु सैनिक प्रयोजनकालागि प्रयोग नगरिने वस्तुहरू नै गैरसैनिक वस्तुहरू हुन् ।

७. विशेष रुपले संरक्षित व्यक्ति र वस्तु युद्धको कानुनले व्यक्ति तथा वस्तुहरुको विशेष पक्षहरूलाई खास प्रकारको संरक्षण प्रदान गर्दछ । भिन्ना-भिन्नै चिन्ह वा संकेतहरूले विशेषरुपले संरक्षित व्यक्ति तथा वस्तुहरूलाई यसरी पहिचानयोग्य तुल्याउँदछन् :-



सैनिक तथा नागरिक स्वास्थ्य सेवा, सैनिक पूजारी, नागरिक पूजारी : नागरिक स्वास्थ्य सेवा र नागरिक सुरक्षाका मात्र

नागरिक सुरक्षा

चिन्हांकित साँस्कृतिक वस्तुहरू : साधारण संरक्षण, साँस्कृतिक वस्तुहरू संरक्षण गर्ने कर्मचारी



चिन्हांकित साँस्कृतिक वस्तुहरू : विशेष संरक्षण

खतराजन्य स्थल तथा संरचनाहरू : बाँधहरू, तटबन्धहरू, आणविक भट्टीहरू

२. सशस्त्र द्वन्द्वको नियन्त्रण

८. योद्धा	योद्धाहरूले प्रत्यक्षरुपमा द्वन्द्वहरूमा भाग लिन सक्नेछन् । योद्धाहरू आक्रान्त हुन सक्नेछन् ।
९. सैन्य सामग्री	सैन्य सामग्रीहरू आक्रान्त हुन सक्नेछन् ।
१०. नागरिक व्यक्ति	नागरिक व्यक्तिहरू द्वन्द्वमा प्रत्यक्षरुपमा भाग लिन पाउन सक्नेछैनन् । प्रत्यक्ष द्वन्द्वहरूमा समावेश नभएसम्म नागरिक व्यक्तिहरूमाथि आक्रमण गरिनेछैन ।
११. नागरिकका वस्तु	सैन्य सामग्रीहरूको रुपमा प्रयोग नभएसम्म नागरिकका वस्तुहरूमाथि आक्रमण गरिनेछैन ।
१२. विशेषरुपले संरक्षित व्यक्ति	विशेषरुपले संरक्षित व्यक्तिहरू प्रत्यक्षरुपमा द्वन्द्वमा सहभागी हुनेछैनन् र उनीहरूमाथि आक्रमण गरिनेछैनन् ।
१३. विशेषरुपले संरक्षित वस्तु : नियम	विशेषरुपले संरक्षित वस्तुहरू सैन्य सामग्री बनाइनेछैनन् र तीमाथि आक्रमण गरिनेछैन ।

१४. **विशेषरुपले संरक्षित वस्तु : चिन्हांकित साँस्कृतिक वस्तु**	अनिवार्य सैन्य परिस्थितिमा चिन्हांकित साँस्कृतिक वस्तुको सुरक्षा फिर्ता लिन सकिनेछ । विशेषरुपले संरक्षित साँस्कृतिक वस्तुको सुरक्षा फिर्ता लिनका निमित्त, कम्तीमा पनि विभागीय कमाण्डरद्वारा अपरिहार्य सैनिक आवश्यकता स्थापित गरिनुपर्छ ।
१५. **मानवीय व्यवहार**	नागरिक व्यक्तिहरू, युद्धबन्दीहरू र आफ्नो कब्जामा लिइएका सैनिक, स्वास्थ्य तथा धार्मिक कर्मचारीहरूलाई, सम्मानका साथै मानवीय व्यवहार गरिनुपर्दछ ।
१६. **घाइते, जहाज दुर्घटनामा परेका**	घाइते तथा जहाज दुर्घटनामा परेकाहरूलाई उनीहरूको स्वास्थ्यस्थिति अनुसार आवश्यक हेरचाह गरिनुपर्छ ।
१७. **बन्दी**	कसैलाई पनि बन्दी बनाउन निषेध गरिएको छ ।
१८. **विध्वंश, विनाश**	मिशनको लागि अनावश्यक विध्वंशात्मक क्रियाकलापहरू निषेध गरिएकाछन् ।

३. आदेश जारी सम्बन्धी उत्तरदायित्व

खण्ड ३.१ साधारण उत्तरदायित्व

१९. **युद्धको कानुनको सम्मान**	युद्धको कानुनको सम्मान आदेश र अनुशासनसँग सम्वन्धित विषय हो । युद्धको कानुन अन्तर्गत आफ्ना कर्तव्यहरूको वारेमा आफ्ना सहायकहरू सचेत छन् र उनीहरूले युद्धको कानुनको सम्मान गर्दछन् भन्ने कुरामा कमाण्डर आफैँ आश्वस्त हुनुपर्छ ।

२०. **युद्धको कानुनको उल्लंघन**	कमाण्डरले युद्धको कानुन उल्लंघन नहुने कुरा सुनिश्चित गर्नुपर्दछ र उल्लंघन भएमा अनुशासनात्मक तथा दण्डात्मक कार्यवाही गरिन्छ भन्ने कुरा आश्वस्त गराउनुपर्दछ ।

खण्ड ३.२ युद्ध कानुन सम्बन्धी तालीम

२१. **उत्तरदायित्व**	युद्ध कानुन सम्बन्धी उचित तालीमको लागि कमाण्डर उत्तरदायी रहन्छन् ।
२२. **सामान्य क्रियाकलापमा एकीकरण**	सामान्य सैनिक क्रियाकलापमा, युद्धको कानुन सम्बन्धी तालीम एकीकृत गरिनुपर्दछ ।
२३. **युद्धको कानुनको प्रशिक्षक**	युद्ध कानुन सम्बन्धी तालीमको लागि पनि प्रमुख नै आफ्ना सहायकहरूको सामान्य प्रशिक्षक हुनेछ ।

खण्ड ३.३ संगठन

२४. **उत्तरदायित्व**	युद्धको कानुनको पालनाकालागि आफ्ना सहायकहरू र उत्तरदायित्व निर्धारण गर्ने काम कमाण्डरले गर्दछ ।
२५. **स्वास्थ्य सेवा**	पहिचान प्रदर्शन गर्ने वा भेष बदल्ने निर्णय लगायत स्वास्थ्य सेवाका छुट्टै संकेत तथा चिन्हहरूको प्रयोग र स्वास्थ्य कार्यकर्ताहरूद्वारा सेवाकालागि प्रयोग गरिने औजार निर्धारण र समन्वय गर्ने कार्य कमाण्डरले गर्दछ ।
२६. **निजामति कर्मचारीहरूसँग समन्वय**	विशेषगरी समन्वयकोलागि दक्षतापूर्वक तथा प्राथमिकताहरू उल्लेख गरेर निजामति कर्मचारीहरुसँग समन्वय विस्तार गर्ने काम कमाण्डरले गर्दछ ।

खण्ड ३.४ विशेष परिस्थिति

२७. **असमान समूह बीच युद्ध**	असमान समूहहरू बीच युद्धको बेला, शत्रुपक्षका बारेमा आवश्यक जानकारी प्राप्त गरी, कार्यवाही तथा व्यवहारकालागि आफ्ना सहायकहरूलाई उपयुक्त निर्देशन दिने काम कमाण्डरले गर्दछ ।
२८. **असामान्य वातावरण र दूरी**	आधार शिविरहरूबाट टाढा वा छुट्टै कार्यरत एकाईहरूलाई कमाण्डरले उपयुक्त निर्देशनहरू जारी गर्दछ ।

४. आदेश जारी सम्बन्धी अभ्यास

खण्ड ४.१ मिशन

२९. **सामान्य आदेश प्रक्रिया**	मिशनद्वारा आदेश कार्यान्वयन आरम्भ गरिन्छ र तत्पश्चात सामान्य प्रक्रिया जारी रहन्छ ।
३०. **सम्मान**	उद्देश्यप्रति आस्था राख्नुपर्छ र त्यसलाई पूरा गर्नुपर्दछ ।

खण्ड ४.२ निर्णय प्रक्रियाहरू

३१. **जानकारीको खोजी**	जानकारीको खोजी गर्ने शिलशिलामा कमाण्डरले स्वास्थ्य संस्थाहरूको अवस्थिति र प्रकृति, साँस्कृतिक वस्तुहरू, बाँधहरु, तटबन्धहरु, आणविक भट्टीहरू साथै नागरिक सरोकारका कुराहरूलाई समावेश गर्नुपर्दछ । जानकारी संकलनकालागि बर्दिमा कार्य गर्नु वैधानिक हुनेछ ।

	जासूसहरूलाई प्रयोग गर्न सकिन्छ तर उनीहरूको युद्धबन्दीको हैसियतले पाउने अधिकार भने रहँदैन ।
३२. प्रतिबन्धित शत्रू पक्षकालागि	कब्जामा लिइएका लडाकुहरूलाई सोधपुछ गर्न सकिन्छ, तर उनीहरू आफ्नो व्यक्तिगत पहिचान दिन मात्र वाध्य हुन्छन् ।
३३. प्रतिबन्धित खोज : शत्रु पक्षका नागरिक	शत्रु नागरिकहरूलाई जानकारी दिन बाध्य तुल्याउन हुदैन ।
३४. प्रतिबन्धित खोज : स्वास्थ्य वाहन	स्वास्थ्यसेवाका वाहनहरुलाई गोप्य तथ्यांक संकलन तथा स्थानान्तर गर्न प्रयोग गरिनेछैन ।
३५. पूर्व सावधानी	आम नागरिकको, हताहती तथा विनाश हुन नदिन तथा कम्तीमा पनि यसको जोखिम न्यून गर्नका लागि कमाण्डरले प्रारम्भिकरुपमा सबै खाले पूर्व सावधानीहरू अपनाउनु पर्दछ ।
३६. रणनीतिक अवस्था	रणनीतिक अवस्थामा विशेष कार्यवाही तथा क्रियाकलाप परिचालन गर्न सकिन्छ । तिनीहरूको प्रयोग, मिशनले तोकेका हदसम्म मात्र गर्न सकिन्छ ।
३७. सैनिक आवश्यकता	युद्धको कानुनले प्रदान गरेको हदसम्म रहेर मात्र सैनिक आवश्यकताको सृजना गर्न सकिन्छ ।

खण्ड ४.३ निर्णय लिने

३८. अनुमान	आफ्नो तथा शत्रुपक्षको कार्यवाहीका कारण सामान्यरुपमा नागरिकहरू तथा वस्तुहरू र

विशेषरुपमा संरक्षित व्यक्तिहरू तथा वस्तुहरूमाथि पर्न सक्ने असरहरूका बारेमा कमाण्डरले आँकलन गर्नुपर्दछ ।

३९. निर्णय नागरिक हताहत तथा विनाश अति कम हुने खालको समाधानको खोजी कमाण्डरले गर्नुपर्दछ ।

४०. सहायकहरूकालागि मिशन युद्धको कानुन बमोजिम उनीहरूले पूरा गर्न सक्ने खालका मिशनहरू (कार्यवाहीहरू) सहायकहरूलाई दिनुपर्दछ ।

खण्ड ४.४ कार्यवाही नियन्त्रण

४१. उद्देश्य कमाण्डरले आफ्ना सहायकहरूमाथि नियन्त्रण कायम गरेर उनीहरूले युद्धको कानुनको सम्मान गर्दै आफ्नो मिशन पूरा गर्दछन् भन्ने कुरा सुनिश्चित गर्नुपर्दछ ।

४२. समायोजन कारवाहीका बखत नियन्त्रण अन्तर्गत नागरिक हताहती र विनाश कम गर्नका लागि मिशनले अनुमति प्रदान गरेका समायोजन पर्दछ ।

५. कार्यवाहीको आचरण

खण्ड ५.१ सामान्य कार्यवाहीहरूको आचरण

४३. नागरिक व्यक्तिहरू तथा वस्तुहरूको बचावट सामान्य नागरिक तथा सार्वजनिक वस्तुहरूको वचावटका लागि निरन्तर ध्यान दिइनुपर्दछ ।

४४. आवश्यक जानकारी नागरिक व्यक्तिहरूका सरोकारहरू, महत्वपूर्ण सार्वजनिक वस्तुहरू र विशेषरुपले संरक्षित संरचनाहरूको बारेमा कमाण्डरले पूर्ण जानकारी राख्नुपर्दछ ।

४५. हतियार

दिइएको मिशन पूरा गर्नका निमित्त, आवश्यक नहुने नागरिक तथा सार्वजनिक वस्तुहरूको विनाश अथवा हानी-नोक्सानी रोक्नकालागि हतियारहरू तथा युद्धका साधनहरू छनौट गरी प्रयोग गरिनु पर्नेछ ।

अनावश्यक पीडा दिने खालका हतियारहरू प्रयोग गरिनेछैनन् ।

४६. छलकपट

भेषबदल, नक्कली कार्यवाहीहरू र गलत जानकारी जस्ता छलकपट अपनाउन दिइनेछ ।

शत्रुपक्षको विश्वास अजमाएर निम्नानुसार संरक्षित स्थिति रहेको बहाना गर्न प्रतिबन्धित छ : विशेष चिन्ह एवं संकेतहरु दुरुपयोग, युद्धविरामको झण्डा प्रदर्शन अथवा भिन्न खाले संकेतहरू, चोटहरू तथा रोगका कारण जनाइएको असमर्थता अथवा आत्म-समर्पण, शत्रुपक्षको बर्दी तथा झण्डाको प्रयोग आदि ।

४७. ढालको निषेध

नागरिक व्यक्तिहरू तथा आवास क्षेत्रहरूलाई, सैनिक एकाइ, क्रियाकलाप तथा स्थानहरूको ढालको रुपमा प्रयोग गर्न निषेध गरिएको छ ।

४८. संरक्षित क्षेत्र

संरक्षित क्षेत्रहरूको रुपमा पहिचान गरिएका (अस्पताल क्षेत्र, शालिकहरू रहेका, गैरसैनिक क्षेत्रहरू, अप्रतिरक्षात्मक स्थानहरू) क्षेत्रहरूमा अथवा त्यस बखत कार्यवाही शुरु गर्नु परेमा दक्ष कमाण्डरले त्यस्ता क्षेत्रतर्फ अथवा वरपर निर्देशन जारी गर्नुपर्दछ ।

४९. निजामति कर्मचारी समन्वय नागरिक व्यक्तिहरूद्वारा लिइने मापदण्डहरूका लागि, कमाण्डरले उपयुक्त नागरिक अधिकारीहरूसँग समन्वय कायम गर्नुपर्दछ ।

खण्ड ५.२ आक्रमणको आचरण

५०. उद्देश्य छनौट नागरिकहरूको न्यूनतम क्षति होस् भन्ने हेतुले आक्रमणका उद्देश्य र लक्ष्यहरू, रणनीतिकरुपले समान विकल्पहरू मध्येबाट छनौट गरिनुपर्छ ।

५१. भिन्न उद्देश्य सार्वजनिक वस्तुहरूभित्रै वा निकटस्थ क्षेत्रमा रहेका भिन्न उद्देश्य र लक्ष्यहरूलाई भिन्ना-भिन्नै किसिमले आक्रमण गरिनुपर्छ ।

५२. सत्यापन लक्ष्य वा उद्देश्यको सैनिक चरित्र, जानकारी, लक्ष्य पहिचान जस्ता कार्यहरूको आधारमा सत्यता जाँच गरिनुपर्दछ ।

५३. हतियार नागरिक हताहत तथा क्षतिहरू हुन नदिनकालागि युद्धका साधन र हातहतियारहरू लक्ष्य मुताविक समाहित गर्नुपर्छ ।

५४. चेतावनी जिम्मेवारी दिइएका उद्देश्य र लक्ष्यहरू वा आक्रमणको दिशाद्वारा खतरामा परेका व्यक्तिहरूलाई मिशनको अनुमतिको आधारमा उपयुक्त चेतावनी दिइनुपर्छ ।

५५. चिन्हांकित साँस्कृतिक वस्तु मिशनको उद्देश्य प्राप्तिकोलागि आवश्यक ठहरिएमा मात्र चिन्हांकित साँस्कृतिक वस्तुको सुरक्षा हनन हुन सक्नेछ ।

सुरक्षा मापदण्डहरू र सुरक्षा फिर्ता सम्बन्धी जानकारीकोलागि अग्रिम चेतावनी दिई, पर्याप्त समय दिइनुपर्छ ।

५६. आक्रमणका बखत नियन्त्रण कुनै पनि आक्रमण सैनिक उद्देश्य तथा लक्ष्यको निमित्त नभएमा कमाण्डरले त्यस्तो आक्रमण रोक्नु वा रद्द गर्नुपर्दछ ।

खण्ड ५.३ सुरक्षाको आचरण

५७. सुरक्षा अवस्थाको छनौट नागरिक, व्यक्ति तथा वस्तुहरूलाई अति कम हानि पुग्ने गरी कुनै पनि आक्रमण सैनिक उद्देश्य तथा लक्ष्यको निमित्त नभएमा, कमाण्डरले त्यस्तो आक्रमण रोक्नु वा रद्द गर्नुपर्दछ ।

५८. हतियार नागरिक हताहति तथा क्षति हुन नदिनका लागि हातहतियारहरू तथा युद्धका साधनहरू, सुरक्षा अवस्थाको वातावरणसँग अनुकूल हुने गरी प्रयोग गरिनुपर्दछ ।

५९. नागरिकहरूलाई हटाउने कार्य खतरामा परेका नागरिक, व्यक्ति तथा वस्तुहरू सैनिक उद्देश्यहरूबाट टाढा राखिनु पर्छ वा हटाइनुपर्छ ।

६०. विशेषरुपले संरक्षित वस्तु विशेषरुपले संरक्षित वस्तुहरूलाई भिन्न खाले संकेतद्वारा चिन्न सक्ने बनाइनुपर्छ ।

६१. चेतावनी नागरिकहरूलाई खतरा पैदा गर्ने खालका सुरक्षाका मापदण्डहरूको बारेमा, मिशनको अनुमति अनुसार जनसमुदायलाई उपयुक्त जानकारी वा चेतावनी दिइनुपर्छ ता कि युद्ध कार्यर्वाहीको घटनामा उनीहरूले सोही अनुरुप व्यवहार गर्न सकून् ।

६२. चिन्हांकित साँस्कृतिक वस्तु

मिशनको उद्देश्य प्राप्तिकोलागि आवश्यक ठहरिएमा मात्र चिन्हांकित साँस्कृतिक वस्तुहरूको सुरक्षा खोसिनेछ ।
आवश्यक ठहरिएको हदसम्म मात्र सुरक्षा फिर्ता गरिनेछ । अग्रिम चेतावनी र भिन्नै संकेतहरूको खारेजी मार्फत् शत्रुपक्षलाई अवस्थाको बारेमा स्पष्ट तुल्याइनेछ ।

खण्ड ५.४ आन्दोलन र अवस्थितिहरू

६३. आन्दोलन

नागरिक वस्तुहरूको नजीकै क्रियाकलाप (तथा आन्दोलनका क्रमको बसाइ) यथासम्भव छोटो अवधिकोलागि मात्र सीमित गरिनेछ ।

६४. एकाइहरूको अवस्थिति

नागरिक,व्यक्ति तथा वस्तुहरू र सैनिक उद्देश्यहरूको नजीकै नरहने गरी युद्ध एकाइहरूको अवस्थितिको छनौट गरिनुपर्छ ।

६५. अपरिहार्य निकटता

नागरिक, व्यक्ति तथा वस्तुहरू र सैनिक उद्देश्यहरूको नजिकै रहनु पर्ने अपरिहार्य परिस्थिति उत्पन्न भएमा कमाण्डरले निम्नलिखित सिद्धान्तहरूको मार्गदर्शन पालना गर्नुपर्दछ :-

(क) नागरिक तथा वस्तुहरूको महत्वपूर्ण सरोकारहरू रहेका निकट क्षेत्रहरूमा थोरै मात्रामा मात्र सैनिक उद्देश्यहरू रहनेछन् ।

(ख) नागरिक, तथा वस्तुहरूको कम महत्वपूर्ण सरोकार रहेका निकटवर्ती क्षेत्रहरूमा, ठूला खाले सैनिक उद्देश्यहरू राख्न सकिनेछन् ।

६. कार्यवाहीको दौरानको व्यवहार

खण्ड ६.१ युद्ध

६६. उद्देश्य र लक्ष्य

उद्देश्य र लक्ष्यहरू बमोजिमको सैनिक चरित्र युद्ध कार्यवाहीका बखत प्रमाणित हुनेछ ।
युद्ध कार्यवाहीका कारण हुनसक्ने सम्भाव्य; अत्याधिक नागरिक हताहति तथा जोखिम हुन नदिन मिशनले अनुमति दिएका बखत, वैकल्पिक उद्देश्य र लक्ष्यहरूको छनौट गरिनेछ ।

६७. चेतावनी, सुझाव

नागरिक समुदायलाई बासस्थान, खारेजी आदि सम्वन्धी तत्काल चेतावनी तथा सुझावहरू जारी गरिनुपर्दछ ।

६८. विशेषरुपले संरक्षित व्यक्ति, संस्थापना र वाहन

विशेषरुपले संरक्षित व्यक्ति, संस्थापना र वाहनका क्रियाकलाप तथा उचित प्रयोगको सत्यता प्रमाणीकरण गरिनु पर्नेछ ।

६९. चिन्हांकित साँस्कृतिक वस्तु

मिशन प्राप्तिको आवश्यकता अनुरुप प्रदान गरिएको अनुमतिको आधारमा सुरक्षण फिर्ता गरिएका चिन्हांकित साँस्कृतिक वस्तुहरूलाई अझै पनि सम्मान गरिनुपर्दछ ।

७०. संरक्षित क्षेत्र

संरक्षित क्षेत्रहरूको सम्मान गरिनेछ ।
संरक्षित क्षेत्र शत्रुलाई छोड्न परेमा वा उसबाट आफूले जिम्मा लिन परेमा, स्थानीय स्तरमा दक्ष कमाण्डरहरूले त्यहाँ युद्ध नहुने कुराको सुनिश्चित गर्नुपर्दछ ।

७१. पीडितहरूको खोजी

मिशनको अनुमति अनुसार कार्यवाहीका क्रममा घाइते भएका, जहाज दुर्घटनामा परेका र मृतकहरुको खोजी र संकलन गरिनुपर्छ ।

७२. युद्ध बाहिरको शत्रु, आत्मसमर्पण

कुनै पनि योद्धाको, युद्धबाट बाहिर रहेको अवस्थाको (आत्मसमर्पण गरेका बखत, घाइते भएका बखत, पानीजहाज दूर्घटनामा परेका बखत, गम्भीर अवस्थामा प्यारासुटबाट झर्दै गरेका बखत आदि) पहिचान भएमा, उसलाई आक्रमण गरिनेछैन । सेतो झण्डा हल्लाएर आत्मसमर्पण गर्ने इच्छा प्रकट गर्न सकिनेछ ।

७३. निजामति कर्मचारीसँग समन्वय

नागरिक व्यक्ति तथा वस्तुहरूद्वारा निम्त्याइएका खतराहरू कम गर्न, घटनास्थलमा निजामति कर्मचारीहरूको समन्वयले योगदान पुऱ्याउन सक्नेछ ।

खण्ड ६.२ कब्जामा लिइएका व्यक्ति तथा वस्तुहरू

७४. शत्रु पक्षका योद्धा

कब्जामा लिइएका शत्रु पक्षका योद्धाहरूलाई निशस्त्र गरिनुपर्छ, युद्धबन्दीको रुपमा मानवीय व्यवहार गरिनुपर्छ र पछिल्लो पँक्तिमा लगिनुपर्छ । अन्यत्र सार्न बाँकी रहेका बन्दीहरूको हेरचाह गरिनुपर्छ ।

७५. घायल, जहाज दुर्घटनामा परेका

घाइते भएका तथा जहाज दुर्घटनामा परेका शत्रु पक्षका योद्धाहरूको हेरचाह गरिनुपर्छ र पछिल्लो पंक्तिमा पठाइनुपर्छ ।

७६. मृतक	नियमानुसार, मृतकहरूको पहिचान गरिनुपर्छ र बेग्ला-बेग्लै दाहसंस्कार गरिनुपर्छ । मृतहरूका व्यक्तिगत चिजहरू संकलन गरिनुपर्छ र पछिल्लो पँक्तिमा पुऱ्याइनुपर्छ ।
७७. शत्रु पक्षको सैनिक स्वास्थ्य सेवा	कब्जामा लिइएका शत्रुपक्षका सैनिक स्वास्थ्य कार्यकर्ताहरू, संस्थापना र वाहनहरुलाई घाइतेहरू तथा जहाज दूर्घटनामा परेकाहरूको हेरचाहको निमित्त, आवश्यक भएसम्म कार्यरत रहन दिनुपर्छ । सशस्त्र व्यक्तिहरूलाई भने निशस्त्र गरिनुपर्छ । घाइते तथा जहाज दूर्घटनामा परेकाहरूको लागि आवश्यक नपरेमा त्यस्ता व्यक्ति, संस्थापना तथा वाहनहरू जिम्मा लिइनुपर्छ । स्वास्थ्य कार्यकर्तालाई पछिल्लो पंक्तिमा पठाइनुपर्छ ।
७८. शत्रु पक्षका सैनिक धार्मिक कर्मचारी	कब्जामा लिइएका शत्रुपक्षका सैनिक-धार्मिक कर्मचारीहरूलाई कब्जामा लिइएका शत्रु पक्षका सैनिक स्वास्थ्य कार्यकर्ता सरह व्यवहार गरिनुपर्छ ।

खण्ड ६.३ शत्रु पक्षसँगको बेमेल रहित सम्पर्क

७९. जानकारी, चेतावनी, आह्वान	नागरिक व्यक्ति तथा वस्तुप्रति खतरा पैदा हुन नदिन, खतरा कम गर्न तथा युद्धको कानुनको सम्मान गर्नकालागि शत्रु पक्षलाई जानकारी, चेतावनी तथा आह्वान गर्ने कार्य गर्नुपर्दछ ।

८०. युद्ध रोक्नु



परस्पर विरोधी समूहहरू बीच युद्धलाई स्थानीय स्तरमा रोक्न र अन्य व्यवस्थाहरू मिलाउन सहमति कायम गर्न सकिन्छ ।
तल्लो स्तरमा त्यस्ता खाले व्यवस्थाहरू सहज किसिमले या मौखिकरुपले नै मिलाउन सकिन्छ आवाज, रेडियो, सेतो झण्डा बोकेर
उच्च स्तरमा र लामो समयसम्म युद्ध रोक्नका लागि भने लिखित सहमति तयार गरिनुपर्दछ ।

खण्ड ६.४ युद्धपछिका मापदण्डहरू

८१. सामान्य अवस्थाको पुनर्स्थापना

मिशनले अनुमति दिने बित्तिकै अस्थायी रुपमा हटाइएका व्यक्ति तथा वस्तुहरू उनीहरूको पूर्ववत् स्थानहरूमा फर्कन सक्नेछन् र युद्ध क्षेत्रलाई पूर्ववत् स्थितिमा स्थापित गरिनेछ ।

८२. निजामति कर्मचारीहरूसँग समन्वय

मिशनले अनुमति दिने बित्तिकै दक्षतापूर्वक स्थानीय कमाण्डरहरूले स्थानीय अधिकारीहरूसँग समन्वय कायम गर्नेछन् ।

७. यातायात

खण्ड ७.१ यातायात सम्बन्धी आचरण

८३. यातायात सिद्धान्त

मिशनले अनुमति प्रदान गर्ने हदसम्म सैनिक, स्वास्थ्य र नागरिक यातायात, छुट्टै राखिनुपर्दछ ।

८४. छुट्टै राख्न असम्भव

समान रुटहरू तथा बिसाउन नमिल्ने क्षेत्रहरूका कारण यातायातलाई छुट्टै राख्न सम्भव नभएमा सैनिक, स्वास्थ्य एवं नागरिक व्यक्ति, संस्थापना र यातायातहरूलाई अति नजिकको दुरीमा राख्न भने प्रतिबन्ध लगाइनुपर्छ ।

७.२ कब्जा गरिएका व्यक्ति तथा वस्तुहरूलाई खाली गरिने (पठाइने) काम

८५. स्थानान्तरण सम्बन्धी सिद्धान्त	नियमानुसार आफ्नो तर्फकै सैनिकको वाहन पठाउने, कब्जा गरिएका शत्रुपक्षका योद्धाहरू पठाउने काम अघि बढाइनुपर्दछ ।
८६. बन्दी स्थानान्तरण	आदेश दिने तथा खरखजाना व्यवस्था गर्ने माध्यम मार्फत् बन्दीहरूलाई पहिले संकलन गर्ने ठाउँमा र त्यसपछि युद्धबन्दी शिविरहरूमा पठाइनुपर्दछ ।
८७. प्रस्थान शिविर	बन्दीहरू प्रस्थान शिविरहरूमा रहनुपर्ने भएमा उनीहरूको त्यस्ता शिविरहरूको बसाई अति छोटो हुनु पर्नेछ ।
८८. घाइते बन्दी स्थानान्तरण	स्वास्थ्य तथा खरखजाना व्यवस्थापनको माध्यमद्वारा घाइतेहरूलाई युद्धबन्दी शिविरहरूमा पठाइनेछ ।
८९. मृत शरीर स्थानान्तरण	घटनास्थलमा दाहसंस्कार नगरिएका मृत शरीरहरूलाई पहिचान गर्न र दफनाउन सकिने क्षेत्रहरूमा पठाइने छ । जहाजबाट ढुवानी गरिएका मृत शरीरहरूलाई पनि सोही बमोजिम पठाइनेछ ।
९०. कब्जामा लिइएका स्वास्थ्य कार्यकर्ता, वाहन वा अन्य वस्तुहरूको स्थानान्तरण	घाइतेहरूकालागि आवश्यक नपर्ने शत्रुपक्षका सैनिक स्वास्थ्य कार्यकर्ता, वाहन तथा अन्य वस्तुहरू उपयुक्त माध्यमद्वारा स्थानान्तरण गरिनेछ ।

९१. कब्जामा लिइएका धार्मिक व्यक्तिहरूको स्थानान्तरण

कब्जामा लिइएका शत्रुपक्षका सैनिक धार्मिक कर्मचारीहरूलाई पनि सैनिक स्वास्थ्य कार्यकर्ता सरह नै स्थानान्तरण गरिनेछ ।

९२. सोधपुछ

सोधपुछका बखत युद्धबन्दीहरू तथा कब्जामा लिइएका सैनिक, स्वास्थ्य र धार्मिक कार्यको आफ्नो पूरा नाम, दर्जा, जन्म मिति, व्यक्तिगत तथा क्रम संख्या र यस सम्बन्धी मात्र जानकारी दिन बाध्य हुन सक्नेछन् ।

९३. पहिचान कायम

मिशनले अनुमति दिने वित्तिकै युद्धबन्दीहरू तथा कब्जामा लिइएका सैनिक स्वास्थ्य र धार्मिक कर्मचारीहरूको पहिचान कायम गरिनेछ ।

खण्ड ७.३ आपूर्ति

९४. आपूर्ति सिद्धान्त

स्वास्थ्य सम्बन्धी सशस्त्र समूहहरूलाई आपूर्ति गरिएका अन्य वस्तु तथा सामाग्रीहरू अन्तर्गत तिनीहरूलाई संचालन गर्न प्रयोग गरिने यातायात र व्यक्तिहरूबाट पृथक सैनिक उद्देश्यहरू पर्दछन् ।

९५. स्वास्थ्य

सैनिक स्वास्थ्य आपूर्तिले नियमानुसार स्वास्थ्य आपूर्ति माध्यमद्वारा तथा सैनिक स्वास्थ्य कार्यकर्ता र यातायातहरूको माध्यमद्वारा संचालित हुनुपर्नेछ ।

खण्ड ७.४ स्वास्थ्य सम्बन्धी यातायात

९६. स्वास्थ्य सम्बन्धी यातायात सिद्धान्त

आपूर्ति तथा स्थानान्तरणको निमित्त स्वास्थ्य सम्बन्धी यातायातले स्वास्थ्य मार्गहरू तथा अन्य माध्यमहरू मार्फत् काम गर्नेछन् । तल्ला स्तरहरूमा, तिनीहरूले आदेश दिने निकायसँग सम्पर्क गर्नु पर्नेछ ।

९७. सैनिक उद्देश्यहरूसँगको दूरी स्वास्थ्य सम्बन्धी यातायात, सैनिक उद्देश्यबाट पर्याप्त दूरी राखी प्रयोग गरिनु पर्नेछ ।

९८. पहिचान भिन्न चिन्ह तथा संकेतहरूको प्रयोग रणनीतिक अवस्थासँग मेल खाने गरी गरिनु पर्दछ :-

(क) **युद्धक्षेत्रहरूमा :** संकेतहरूको सकेसम्म कम प्रयोग गर्नका लागि सानाखाले चिन्ह तथा भेष बदल्न सकिने खालका वस्तुको बढी प्रयोग गरिनु अत्यावश्यक हुनसक्छ ।

(ख) **पछिल्लो भागमा :** युद्ध क्षेत्रको पछिल्लो भागमा बढी र ठूला खाले चिन्हहरू तथा कम भेष बदल्ने खालका वस्तुको प्रयोग गर्नका साथै, संकेतहरूको प्रयोगमा कम प्रतिबन्ध लगाउन सकिन्छ ।

खण्ड ८ पछिल्लो भाग

९९. युद्धबन्दी शिविर युद्ध कार्यवाहीतर्फ मुखरित क्षेत्रहरूमा युद्धबन्दी शिविरहरू खडा गरिनेछैनन् । सैनिक पक्षहरूको अनुमित बमोजिम यस्ता शिविरहरूमा "PW" अथवा "PG"* जस्ता अक्षरहरू अंकित गरिनेछ ।

१००. नागरिक बन्दी शिविर युद्ध कार्यवाही चलेका क्षेत्रहरूमा नागरिक बन्दी शिविरहरू खडा गरिनेछैनन् । सैनिक पक्षहरूको अनुमति बमोजिम यस्ता शिविरहरूमा "IC" अक्षरहरू अंकित गरिनेछ ।

१०१. निजामति नागरिक समुदायको संरक्षण र मापदण्डहरू

* PW (or POW) = Prisoner of War
PG = Prisonnier de Gnerre (French) and Prisionero de Guerra (Spanish)

कर्मचारीहरूसँग समन्वय

बमोजिम पूर्वसावधानी सुनिश्चित गर्न, कमाण्डरले नागरिक अधिकारीहरूसँग समन्वय स्थापित गर्नुपर्दछ ।

१०२ निजामति कर्मचारीहरूको समर्थन

मिशनको अनुमति मुताविक नागरिक स्वास्थ्य सेवा, नागरिक सुरक्षा र साँस्कृतिक वस्तुहरूको संरक्षण जस्ता कार्यहरूको कार्यान्वयनकालागि कमाण्डरले निजामति कर्मचारीहरूसँग वातावरण सहज तुल्याउने तथा समर्थन जुटाउने कार्य गर्दछ ।

९. पेशा

१०३. पेशा सम्बन्धी सिद्धान्त

आफूमा निहित शक्तिले सार्वजनिक जीवन, सुव्यवस्था तथा सुरक्षा सुनिश्चित गर्नु पर्दछ । यसले गर्दा १८ वर्षमाथिका नागरिकहरूलाई सार्वजनिक उपभोगका सेवाहरू लागि काम गर्न बाध्य तुल्याउँन सक्नेछ ।

१०४. बासिन्दा

दखल गर्ने शक्तिद्वारा बासिन्दाहरूलाई मानवीयरुपले व्यवहार गर्नुपर्दछ ।
यस्तो शक्तिमा भएको कुनै परिवर्तनद्वारा पनि बासिन्दाहरूलाई युद्धका कानुनले प्रदान गरेको अधिकार उपभोग गर्नबाट वञ्चित गरिनेछैन ।

१०५. सुरक्षा मापदण्ड

सुरक्षा कारणहरूले गर्दा दखल गर्ने शक्तिले :-
(क) बसोबास गरिएको क्षेत्रका सशस्त्र समूहका अपरिचालित सदस्यहरूलाई नजरबन्दमा राख्न सक्नेछ,

(ख) बासिन्दाहरूलाई तोकिएको बासस्थान अथवा नजरबन्दमा राख्न सक्नेछ ।

१०६. युद्ध कार्यवाही

बसोबास गरिएको क्षेत्रका बासिन्दाहरूले सामना गर्न सक्ने आन्दोलनको रुपमा आफूलाई संगठित गर्न सक्नेछन् । तर यस्ता आन्दोलनहरू सशस्त्र समूहहरूका आवश्यकताहरूसँग मेल खाने गरी संगठित गरिएको हुनु पर्नेछ ।

यस्ता कार्यवाहीहरूका तयारी र कार्यान्वयन तथा सोही अनुरुपका मापदण्डहरू सम्बन्धी नियमहरू बसोबास गरिएको क्षेत्रमा हुने युद्ध कार्यवाहीको हकमा समेत लागू हुनेछन् ।

१०. तटस्थता

१०७. उल्लंघन गर्न नसकिने तटस्थ क्षेत्र

तटस्थ राज्यको राष्ट्रिय क्षेत्र (धरातल, धरातलीय जलक्षेत्र, वायु क्षेत्र अउल्लंघनीय हुनेछ ।

१०८. युद्धरत पक्षहरूको कर्तव्य

तटस्थ राज्यद्वारा स्वीकृति नदिइएसम्म अथवा त्यस्तो राज्यको धरातलीय जलक्षेत्र भएर जानदेखि बाहेक, युद्धरत पक्षहरूले तटस्थ राज्यको क्षेत्रभित्र घुसपैठ गर्न पाउनेछैनन् ।

१०९. तटस्थ राज्यको कर्तव्य

तटस्थ राज्यले आफ्नो तटस्थताप्रति सम्मान सुनिश्चित गर्नुपर्दछ ।

आवश्यक ठहरेमा तटस्थ राज्यले यस्ता खाले उल्लंघनहरूको, आफ्ना सैनिक शक्तिको प्रयोग गरेर भए पनि विरोध जनाउनुपर्दछ ।

११०. युद्धरत सशस्त्र समूहहरूको नजरबन्दी

तटस्थ क्षेत्रभित्र कब्जामा लिइएका तथा तटस्थ क्षेत्रभित्र प्रवेश गराइएका युद्धरत सशस्त्र समूहहरूका सदस्यहरूलाई द्वन्द्वको अन्त्य नहुञ्जेलसम्म नजरबन्द राखिनेछ । (अपवादहरू : भागेका युद्धबन्दीहरू र युद्धरत पक्षका घाइते तथा विरामीहरूकोलागि विशेष नियम)

◆◆◆

कारवाहीको आचरणका लागि नियमहरू

(कम्पनीभित्र तालीमकालागि मार्गनिर्देशन, अन्य एकाईहरूकालागि तुलनात्मकरुपमा प्रयोग गर्नि)

युद्ध नियमहरू

१. योद्धाहरूसँग मात्र लड्नु
२. सैनिक लक्ष्यहरूमा मात्रै आक्रमण गर्नु
३. नागरिक व्यक्ति र वस्तुहरूको बचावट गर्नु
४. मिशनलाई आवश्यक हुने विनाशहरूको बन्देज

आत्मसमर्पण गर्ने शत्रु पक्षका योद्धाहरू

१. उनीहरूलाई बचाउनु
२. उनीहरूलाई निशस्त्र गर्नु
३. उनीहरूलाई, मानवीयरुपले व्यवहार गर्नु र संरक्षण गर्नु
४. आफूभन्दा माथिल्लो तहमा बुझाउनु

शत्रुपक्षका घाइते योद्धाहरू

१. उनीहरूलाई जम्मा गर्नु
२. उनीहरूको हेरचाह गर्नु
३. आफूभन्दा माथिल्लो तहमा बुझाउनु ....
४. ..... अथवा नजिकैको स्वास्थ्य कार्यकर्ता समक्ष बुझाउनु

नागरिक व्यक्तिहरू

१. उनीहरूलाई सम्मान गर्नु
२. आफ्नो नियन्त्रणमा रहेकालाई मानवीय व्यवहार गर्नु
३. दुर्व्यवहार विरुद्ध उनीहरूको संरक्षण गर्नु, बन्दी बनाउने तथा बदला लिने जस्ता कार्यहरू रोक्नु
४. उनीहरूको सम्पत्तिको सम्मान गर्नु, त्यसको चोरी तथा क्षति हुन नदिनु ।

विशेष संकेतहरू



- स्वास्थय सेवा, धार्मिक व्यक्तिहरू (सैनिक तथा नागरिक)



- नागरिक सुरक्षा

- साँस्कृतिक वस्तुहरू : शालिकहरू, महत्वपूर्ण पूजास्थलहरू, संग्रहालयहरू

- बाँधहरू, तटबन्धहरू, आणविक भट्टिहरू

- सेतो झण्डा (युद्ध विरामको झण्डा, आत्मसमर्पण तथा परस्पर सम्झौताको लागि प्रयोग गरिने)

१. यस्ता चिन्ह अंकित व्यक्तिहरू तथा वस्तुहरूको सम्मान गर्नु
२. अन्यथा आदेश नदिइएका यस्ता व्यक्तिहरूलाई काम गर्न दिनु
३. अन्यथा आदेश नभएसम्म यस्ता भवनहरू, संस्थापनाहरू तथा शालिकहरू नचलाउनु तथा त्यहाँ प्रवेश नगर्नु
४. अन्यथा आदेश नआएसम्म यस्ता सवारी साधनहरू, जहाजहरू तथा हवाइयानहरूलाई चल्न दिनु र तिनीहरूभित्र प्रवेश नगर्नु ।

तालीम कार्यक्रम

युद्धको कानुनसम्बन्धी प्रभावकारी तालीम संचालनको लागि तालीम कार्यक्रम पानाहरू प्रयोगकोलागि सिफारिस गरिन्छ ।

आफूले कसलाई तालीम दिने हो भन्ने बारे प्रशिक्षक पहिले आफै स्पष्ट हुनुपर्दछ र आवश्यक परेमा उपयुक्त रुपले परिभाषित गर्नुपर्दछ ।

आफ्ना प्रशिक्षार्थीहरूको बास्तविक आवश्यकताहरूलाई मध्यनजर गर्दै प्रशिक्षकले अन्तिम परिणाममा पुग्ने गरी, तालीमको संक्षिप्त उद्देश्यको निर्धारण गर्नुपर्दछ ।

प्रशिक्षार्थीहरू तथा उनीहरूको आवश्यकताहरूको वर्गीकरण मुताविक तालीम तथा यसमा प्रयोग गरिने पद्धतिहरूकोलागि, को उत्तरदायी हुने, कहाँ र कहिले तालीम संचालन गर्ने भन्ने कुराहरू स्पष्ट पार्दै, तालीम योजनाको प्रारुप तयार गरिनुपर्छ ।

तत्पश्चात् आफ्नो साधारण योजनामा आधारित रहेर प्रशिक्षकले तालीमको तरिकाको बारेमा विस्तृत वर्णन गर्नुपर्दछ ।

यसपछि आवश्यक

- एउटा खाली तालीम कार्यक्रम पाना
- एउटा उदाहरणकोलागि भरिएको तालीम कार्यक्रम पाना, शुरु तथा प्रारम्भिक दस्ताको तालीमकोलागि

विशेष दर्जाका सैनिक पदाधिकारीका युद्धको कानुनसम्बन्धी तालीम कार्यक्रम

१. तालीम दिइने पदाधिकारी

प्राथमिक (शुरुको) दस्ता

२. तालीमको उद्देश्य (अन्तिम परिणाममा पुगिने)

कब्जामा लिइएका शत्रुपक्षका योद्धाहरूप्रतिको व्यवहार

३. तालीमको साधारण योजना

(क) तालीमकोलागि उत्तरदायी : प्लाटून नेता

(ख) पद्धति : अत्याधिक वा पूर्णरुपले व्यवहारिक

(ग) कहाँ ? : क्षेत्रमा, अन्य मैदानहरूमा

(घ) कहिले ? : प्रत्येक रणनीतिक क्रियाकलापका बखत र दस्ताको सैन्य अभ्यासका बखत

४. तालीमको विस्तृत विवरण

- युद्धमा परिणत हुने गरी दस्ताको आक्रमण (संक्षेपमा)
- आक्रमणकारीहरू मध्ये एकजनाको कब्जा
- निशस्त्रीकरण
- मानवीय व्यवहार र आवश्यक परेमा संरक्षण
- घाइते भएमा हेरचाह
- स्थानान्तरणको प्रक्रिया वा व्यवस्था

बिकल्पहरू

कब्जामा लिइएका

- एकको सट्टामा दुई या तीन जना कब्जामा लिइएका
- कब्जामा लिइएको घाइते

- मृत अवस्थामा कब्जामा लिइएको
- स्वस्थ्य, घायल र मृत, एकसाथ कब्जामा लिइएको

रणनीतिक अवस्था

- आक्रमणमा संलग्न दस्ता
- सुरक्षामा संलग्न दस्ता
- आन्दोलनमा संलग्न दस्ता
- पल्टनभित्रैको दस्ता
- छुट्टिएको अवस्थाको दस्ता
- सवारीसाधन विनाको दस्ता
- सवारीसाधन भएको दस्ता

नोट : परिस्थितिहरूमा पल्टनको अर्को दस्ताबाट लिइएका राइफलवाला मानिसहरूद्वारा आक्रमणकारीको प्रतिनिधित्व हुनेछ ।

◆◆◆

इन्सेक पुस्तक नं. १०८ / २०५९

मानवअधिकार र सामाजिक न्यायको निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्यूचाटार
पोष्ट बक्स नं. २७२६,
फोन : २७८७७०, फ्याक्स : २७०५५१
इमेल : insec@wlink. com.np
वेभ साइट : www.insec.org.np